उत्तर कोरियाली नेता किम जीवितै हुनुहुन्छ - सोल | पृष्ठ ६ मा

जनकपुर टुडेको सम्पर्क नं. ९८०१६२६०२६, ९८०१६२६०२५, ०४१५९०१०१ विज्ञापनको लागि मात्र jtodayad@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने

मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily

www.ejanakpurtoday.com

वर्ष २२ • अंक ३३३ • २०७७ साल बैशाख १६ गते मंगलबार (28 April, Tuesday, 2020) • पृष्ठ ८ • मूल्य रु. ५।-



## कृषि राहत हिनामिना गर्नेसँग सुदसहित असुल गरिने

**टुडे समाचारदाता**

जनकपुरधाम । प्रदेश २ सरकारले लकडाउनले समस्यामा परेका किसानले लिएको ऋणको ब्याज तिरिदिने घोषणा तीन साता अघि नै गरिसकेको छ। किसानले बैंक, वितिय संस्था वा सहकारी बाट लिएको ऋृणको चैतदेखि असारसम्मको ब्याज तिरिदिने निर्णय गरेको छ।

कृषि कर्मको लागि किसानहरुले ५ लाख सम्म लिएको ऋणमा अधिकतम १२ प्रतिशत सम्मको ४ महिनाको, पाँच लाख देखी १५ लाख सम्मको ऋणमा १२ प्रतिशत सम्मको ब्याजदरमा ५० प्रतिशत, १५ लाख देखी ३० लाख सम्मको ऋणमा ४० प्रतिशत र ३० लाख भन्दा बढीको ऋणमा कृषि सहकारी तथा भूमि व्यवस्था मन्त्रालयको सिफारिसमा मन्त्री परिषदले निर्णय गरे बमोजिम ब्याज तिरि दिने भएको हो।

दूध, फलफुल, तरकारी, कुखुरा तथा माछामा यसका अतिरिक्त समेत राहत उपलब्ध गराउने निर्णय प्रदेश सरकारले गरेको छ। तर गत तथा चालू आर्थिक बर्षमा अनुदान लिएकाले भने यस्तो अनुदान पाउने छैनन्।

प्रदेशको भूमी, व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले बैंकको ब्याज तथा फलफूल, तरकारी, कुखुरा तथा माछा व्यवसायीका लागि अनुदान दिने सम्बन्धमा निर्देशिका तयार गरेको छ। राहत रकम दुरुपयोग भएमा कार्वाही गर्नेदेखि राहत रकमको दुरुपयोग वा हिनामिना भएको प्रमाणित भएमा सम्बन्धित पक्षबाट सुदसहित सरकारी बाँकी सरह असुल गरिने किसिमले निर्देशिका बनाइएको हो।

यो निर्देशिका अनुसार चालू र गत आ.ब.मा रु ४ लाख ७५ हजार वा सोभन्दा बढी नगद वा वस्तुगत अनुदान लिएका व्यक्तिगत/व्यवसायीक फर्म तथा रु १० लाख भन्दा बढी अनुदान लिएका सहकारी संस्थालाई यस कार्यक्रम अन्तर्गतको सुविधा उपलब्ध हुने छैन।

कृषि कार्यमा संलग्न भई जिविकोपार्जन गर्दै आएका, कृषि कार्यमा प्रयोग भएका र सोही बैंक मार्फत प्रमाणिकरण पश्चात उक्त कृषकलाई ब्याज अनुदान उपलब्ध गराइने निर्देशिकामा उल्लेख छ।

ब्याज अनुदानको लागि ऋण रकमको यथार्थ स्थितिबारे मन्त्रालयले तोकेको ढाँचामा सम्बन्धित बैंक/सहकारी संस्थाको विवरण तथा सम्बन्धित वडाको सिफारिस पत्र प्राप्त भएपछि मात्र ब्याज अनुदान उपलब्ध गराइनेछ। राहत तथा ब्याज अनुदान सम्बन्धित जिल्ला कार्यालयबाटै बैंक खाता मार्फत प्रदान गरिनेछ।

निर्देशिकामा राहत तथा ब्याज अनुदान अनुदान उपलब्ध गराउँदा श्रोत सिमित भएमा पहिले आवेदक मध्येका साना कृषक/फर्मलाई (जग्गा स्वामित्व तथा ऋणको मात्राको आधारमा) तथा क्रमानुसार सो को अनुपातमा दामासाहीले राहत निर्धारण गरी दिइने उल्लेख छ।

प्रदेश सरकारले ब्रोइलर कुखुरा/हाँस फर्मका लागि पनि राहतको व्यवस्था गरेको छ। क्षतिको विवरण प्रमाणित भई आएको हकमा १ हजार कुखुरा/हाँससम्मको क्षतिमा रु १ सय प्रति गोटाका दरले र सोभन्दा बढी ३ हजार सम्म कुखुरा/हांस पाल्ने फर्मको अतिरिक्त क्षतिका लागि रु ५० प्रति गोटाका दरले राहत उपलब्ध गराइने निर्देशिकामा जनाइएको छ।

क्षतिको विवरण प्रमाणित भई प्राप्त नभएको हकमा चालू आ.ब. भित्रै चल्ला खरीदका लागि १ हजार सम्मको नयाँ स्टक राख्न प्रति चल्ला रु १ सयका दरले र सोभन्दा बढी ४ हजार सम्म कुखुरा/हाँस पाल्ने फर्मका अतिरिक्त चल्लाको लागि रु ५० प्रति गोटाका दरले पुनः व्यवसाय संचालनका लागि प्रतिफलमा आधारित भई अनुदान दिइनेछ। यसरी चल्ला खरीद गर्न रकम उपलब्ध गराउँदा लकडाउन अवधीमा कुखुरा व्यवसाय निरन्तरता दिएका तथा नेपालको सहकारी तथा रजिष्टर्ड नीजि ह्याचरीबाट चल्ला खरीद गरेकालाई मात्र उपलब्ध गराइनेछ। चल्ला खरीदको प्रमाण पेश भएपछि दाना तथा औषधि लगायका सामग्रीको छुट्टै बिल पेश गर्नु नपर्ने निर्देशिकाले भनेको छ।

१ हजार सम्म लेयर्स कुखुरा तथा हाँस पाल्ने फर्मको लागि दाना तथा अन्य व्यवस्थापनका लागि रु २५ प्रति गोटाका दरले राहत दिइनेछ।

कुखुरा/हाँस चल्ला उत्पादन गर्ने श्रोत केन्द्रका लागि एक लटमा ३० हजारसम्म चल्ला उत्पादन गर्नेलाई रु ३ लाख तथा सोभन्दा बढी उत्पादन गर्नेलाई एकमुष्ठ रु ४ लाख ५० हजारसम्म दाना औषधि लगायतका लागि अनुदान दिइनेछ।

## राहत स्वरुप नगद वितरण

**टुडे समाचारदाता**

मलगंवा। कोरोना संक्रमणबाट बच्न मुलुकमा लक डाउन लगाइएपछि छाँक टार्न समस्या हुनेहरुलाई राहत बितरण गर्न शुरु गरिएको छ। दाल, चामल, नून, तेलजस्ता दैनिक उपभभोग्य सामान बितरण राहत स्वरुप बितरण गर्दै आएपनि सर्लाहीको एक स्थानीय तहमा भने नगद नै बितरण गरिएको छ।

बलरा नगरपालिकाले राहतको नाममा नगद नै बितरण गर्न लागेको छ। सोमबारसम्म यो नगरपालिकाले एउटा वडामा राहतको नाममा नगदै बितरण गरेको छ।

नगरपालिकाले प्रदेश सरकारबाट पाएको १५ लाखमा १८ लाख थप गरी ३३ लाखको बजेट राहत बितरणका निम्ति विनियोजन गरेको छ।

कुल ११ वटा वडा रहेको यो नगरपालिकाले प्रत्येक वडाका लागि रु ३ लाखका दरले विनियोजन गरी वडाहरुमा पठाइसकेको छ।

नगरपालिकाबाट रकम आएपछि वडा नम्बर ११ मा भने राहत सामग्रीको सट्टा नगद नै बितरण गरिएको छ। वडा अध्यक्षको नेतृत्वमा रहेको राहत बितरण समितिले यो वडाका ४ सय ८ विपन्न परिवारको नाम संकलन गरी ३ लाखबाट दाहासाहीका हिसाबले बितरण गरेको हो।

वडा अध्यक्ष योगेश्वर सिंहका अनुसार ४ सय ८ परिवारलाई रु ७ सय ३५ रुपैयाँका दरले बितरण गरिएको छ। वडा अध्यक्ष सिंहको कुरालाई मान्ने हो भने कतै सामग्री नै पाइनरहेकाले नगद नै बितरण गरिएको हो।

'नगरपालिकाले ३ लाख रुपैयाँ पठाइदिएपछि गाउँका सम्पूर्ण अगुवा, सुरक्षा अधिकारीलाई बसाएर बैठक गर्यौं" उनले भने, "सबैले रकम नै बितरण गर्न भनेपछि सोही अनुसार गरेका हौं।"

११ नम्बर वडामा नगद बितरण भएपनि अन्य वडामा हालसम्म केहि पनि बितरण हुन सकेको छैन्।

नगरपालिकाका मेयर अभय सिंह अन्य वडामा पनि नगदै बितरण हुने जनाउ दिए। उनले राहत सामग्री बितरण गर्दा मारामार, कुटाकुट हुने भएकाले रकम नै बितरण हुन सक्ने बताए। यद्यपी स्थानीय समितिले आफ्नो निर्णय अनुसार बितरण गर्न सक्ने उनको भनाई छ।




## सरकारविरुद्ध एक भएर संघर्ष गर्ने तीन दलको निष्कर्ष

**टुडे समाचारदाता**



काठमाण्डू । विपक्षी दलहरुले संघीय सरकारबिरुद्ध एक भएर संघर्ष गर्ने जनाएका छन्। तीन विपक्षी दलको सोमबार काठमाण्डूमा बसेको बैठकले सरकार सर्वसत्तावादतर्फ उन्मुख भएको ठहर गर्दै सरकारबिरुद्ध संघर्ष गर्ने जनाएको छ।

तीन विपक्षी दलले सरकार सर्वसत्तावादतर्फ अग्रसर भएको निष्कर्ष निकालेका छन् र लोकतन्त्रवादी शक्तिहरुलाई एकतावद्ध गरेर संघर्ष गर्ने प्रतिवद्धता जनाएका छन्।

नेपाली कांग्रेस पार्टी कार्यालय सानेपामा कांग्रेससहित जनता समाजवादी पार्टी (जसपा) र राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) का शिर्ष नेताहरुको बैठक बसेको थियो। उक्त बैठकले सरकार स्वेच्छाचारी र सर्वसत्तावादी भएको भन्दै एक भएर संघर्ष गर्ने निर्णय गर्दै संघर्षमा लोकतान्त्रिक शक्तिलाई समेत एकत्रित गर्ने प्रतिबद्धता जनाइएको छ।

सरकारकै संलग्नतामा जनता समाजवादी पार्टीका सांसद डा. सुरेन्द्र यादवको अपहरण भएको भन्दै बैठकले अपहरणमा संलग्नलाई कार्वाहीको माग गरेको छ।

बैठकले यस किसिमको अपराधिक कार्यको घोर भर्त्सना गर्दै अपराधमा संलग्नलाई तत्काल कारबाही अगाडि बढाउन माग गरेको बिज्ञप्तीमा जनाइएको छ।

कोरोना संक्रमणबाट बच्न लगाइएको लक डाउनका कारण नेपाली अर्थतन्त्रमा परेको असर कम गर्न भन्दै तत्काल राहत र ठोस कार्य योजना ल्याउन पनि माग गरिएको छ।

साथै कोरोना भाइरसको यथार्थ स्थिति पत्ता लगाउन टेष्टमा असाधारण ढिलासुस्ती भएको भन्दै यसलाई तीव्रता दिन पनि विपक्षी तीन दलले माग गरेका छन्।

कांग्रेस सभापति शेरबहादुर देउवा, जनता समाजवादी पार्टीका नेता उपेन्द्र यादव र शरदसिंह भण्डारी तथा राप्रपाका अध्यक्ष डा प्रकाशचन्द्र लोहनीले जारी गरेको विज्ञप्तीमा 'स्वेच्छाचारी प्रवृत्तिविरुद्ध सम्पूर्ण लोकतन्त्रवादी शक्ति एकबद्ध भई संघर्ष गर्नुपर्ने आवश्यक्ता औंल्याएको छ।

बैठकमा काँग्रेसबाट सभापति देउवा एवं नेता रामचन्द्र पौडेल, बिमलेन्द्र निधि, विजयकुमार गच्छदार, डा शशांक कोइराला, प्रकाशमान सिंह, जसपाबाट महन्थ ठाकुर, डा बाबुराम भट्टराई, उपेन्द्र यादव, राजेन्द्र महतो, महेन्द्र यादव तथा राप्रपाबाट अध्यक्ष डा लोहनी उपस्थित थिए।



'जनमन सँ जनजन धरि'

रेडियो टुडे ९१ मेगाहर्ज

रेडियो टुडे ९१ मेगाहर्ज

समाचार आ मनोरञ्जन ल क

निरन्तर १८ घण्टा अहाँक संग




सुझाव आ प्रतिकृयाकऽलेल

०४१-५९०१०१

भिन्सर ५ बजे सँ राति ११ बजे धरि

जनकपुर टुडे



# कञ्चनरुपबाट ४३ जनाको स्वाब सङ्कलन



राजविराज । उदयपुरको त्रियुगा नगरपालिका-३ भुल्केमा फेला परेका सङ्क्रमित बसेको कञ्चनरुप नगरपालिकाकोमस्जिद आसपास बस्नेको आइतबार स्वाब सङ्कलन गरिएको छ।

नगरपालिका-१ वैरवा र २ बरमभिञ्यारिस्थित मस्जिदसँग प्रत्यक्ष सम्बन्धित ३४ जना र नगरपालिकाद्वारा सञ्चालित क्वारेन्टाइनमा बसेका नौ जना गरी ४३ जनाको स्वाब सङ्कलन गरिएको नगरपालिका स्वास्थ्य शाखाका वरिष्ठ अधिकृत डम्बरप्रसाद गुप्ताले बताउनुभयो। क्वारेन्टाइनमा बसेका नौ जना भारतबाट आएका स्थानीयवासी हुन्। क्वारेन्टाइनमा रहेका बाँकी २२ जनाको आइतबार आरडिटी गरिएको छ।

स्वास्थ्य सेवा विभाग इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाले पिसिआर विधिबाट परीक्षण गर्न स्वाब सङ्कलन तीव्र बनाएको छ। शनिबार सप्तरीको बोदे बर्साइनबाट १६१ को स्वाब सङ्कलन गरिएको थियो। कञ्चनरुपमा स्वाब सङ्कलन गरेपछि विज्ञ प्राविधिकको टोली स्वाब सङ्कलन गर्न सप्तकोशी नगरपालिका-१ फत्तेपुर पुगेको छ। उदयपुरको सीमामा रहेको फत्तेपुरमा १०० को स्वाब सङ्कलन गर्ने लक्ष्य रहेको टोलीमा सहभागी महाशाखाका फणीन्द्र ज्ञवालीले जानकारी दिनुभयो। यसअघि सप्तकोशी नगरपालिकाको वडा नम्बर १, २ र ४ मा १७१, कञ्चनरुप नगरपालिका २ र १२ मा ६६ को आरडिटी गरिएको थियो।रासस

# दैनिक ज्यालादारी गर्नेहरुलाई राहत वितरण

**सिकेन्द्र पासवान**

कलैया। कारितास नेपालको आर्थिक सहयोग र जन जागरण युवा क्लब (JJYC) बाराको आयोजनमा संचालित कोरोना भाईरस (COVID-19) प्रतिकार्य परियोजना अन्तर्गत बाराको दुई वटा वडाहरुमा दैनक ज्यालादारी गर्नेलाई राहत वितरण गरिएको छ।

जिल्ला प्रशासन कार्यालयको स्वीकृती तथा सम्बन्धित वडाको वडा स्तरीय सर्बदलीय समितिको निर्णय अनुसार देवताल गाउँपालिका वडा नं. ७ मा १ सय ५० जना दैनिक ज्यालादारी गर्ने घरपरिवारहरुलाई वडा अध्यक्ष सतेन्द्र प्रसाद यादवको नेतृत्वमा र महागढीमाई नगरपालिका वडा नं. ७ मा १ सय जना दैनिक ज्यालादारी गर्ने घरपरिवारहरुलाई वडाध्यक्ष रामजनम प्रसाद यादवको नेतृत्वमा राहत वितरण गरिएको आयोजक संस्थाका उपाध्यक्ष राजदेव साहले जानकारी दिए।

राहत प्रदान गर्नेमा आयोजक संस्था बाराका उपाध्यक्ष राजदेव साह, कोषाध्यक्ष सियाराम यादव र जिल्ला कार्यक्रम संयोजक नरेश प्रसाद साहको उपस्थिति रहेको थियो। दुईटै वडा गरी जम्मा २५० घरधुरीको १ हजार ७ सय ७७ जना प्रत्यक्ष रुपमा लाभान्वित भएका छन्।

# क्षीरेश्वरनाथ नपाको दुई वटा वडामा दोस्रो चरणको राहत

**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषाको क्षीरेश्वरनाथ नगरपालिका वडा नम्बर १ र ५ मा रहेका अति विपन्न परिवारहरुलाई दोस्रो चरणको राहत वितरण गरिएकोछ। नेपाल सरकारले जारी गरेको लकडाउनको अवधि लम्बिए पछि नगरपालिकाले वडा नम्बर १ देखि १० सम्म पुनः राहत वितरण सुरु गरेको नगर प्रमुख योगेन्द्र पजियारले बताए।

कोभिड-१९ को संक्रमण नियन्त्रण गर्ने उदेश्यले नेपाल सरकारले देशव्यापी रुपमा लकडाउनको समय लम्ब्याएको छ।

गरिव, मजदुर, विपन्न परिवारलाई दैनिक जीवनयापन गर्न कठिनाई भइरहेको बेला सोमबार वडा नम्बर १ को वडा कार्यालय रमदेयामा २ सय ५० घरपरिवार र वडा नम्बर ५ महेन्द्रनगर ज्ञानमन्दिर स्कुलको प्राङ्गनमा सिन्धुलीटोल, डाडाटोल र दुधमती लगायत २ सय ६१ घरपरिवारलाई राहत वितरण गरेको छ।

बाँकी घरपरिवारलाई मंगलवार वितरण गरिने जनाएको छ। वडानम्बर १ मा वितरण गरिएको राहतमा १५ के.जी.चामल, १ के.जी.दाल, २ के.जी.आलु, १ के.जी.प्याज, १ के.जी.नुन र आधी के.जी.खानेतेल त्यस्तै वडानम्वर ५ मा १२ के.जी.चामल, १ के.जी.दाल, १ के.जी.नुन, आधी लिटर खानेतेल, १ के.जी.आलु वितरण गरिएको छ।

लकडाउनको कारण काम काज, पसल, व्यापार, निर्माण कार्य पूर्ण रुपमा प्रभावित भएपछि असहाय एवं विपन्न परिवारलाई छाक



टार्न धौधौ परिरहेको बेला प्रदेश सरकारद्वारा जारी गरेको निर्देशिका अनुसार सर्बदलीय बैठक बसी संकलन भएको तथ्यांक अनुसार राहत वितरण गरेको वडाध्यक्ष जिवछ मण्डलले बताए।

राहत वितरणमा वडाबाट संकलन भएको तथ्यांकमा वास्तविक राहत पाउँने व्यक्तिले पहिलो चरण तथा दोश्रो चरणमा पनि छुटेको भए जानकारी दिन अनुरोध गर्दै त्यस्तो घरपरिवारको घरमै पुगेर राहत वितरण गरिने वडानम्बर १ का वडाध्यक्ष लालबावु यादवले बताए।

दोस्रो चरणको राहत कार्यलाई व्यवस्थित गर्न वितरण स्थलमा सामाजिक दुरीको घेरा बनाउनुको साथै राहत लिने लाईन मै ह्यान्ड स्यानिटाईज गर्नुको साथै थर्मल गणले ज्वरो समेत मापन गर्ने व्यवस्था मिलाईएको वडा सचिव गंगाई महतोले बताए।

नगर प्रमुख पजियारले मुस्लिम धर्माबलम्बीहरुको पर्व रमजानको मध्यनजर गर्दै आफ्नो व्यक्तिगत तर्फबाट वडानम्बर १ देखि १० सम्मको सम्पुर्ण मुस्लिम परिवारलाई दिने भनिएको २ किलो चना, १ किलो प्याज, एक पाउँ छहरा, १ किलो नुन तथा आधार लिटर खाने तेल वडानम्बर १ का मुस्लिम परिवारहरुलाई वितरण गरेका छन्।

# खरेलको अभिव्यक्तिप्रति यूवा संघको ध्यानाकर्षण

टुडे समाचारदाता

कलेया । नेपाल प्रहरीका तत्कालीन डिआईजी रमेश खरेलले योहो टेलिभिजनको अन्तरवर्तामा संघिय साँसद प्रभु साह माथि लगाएको लाञ्छना प्रति राष्ट्रिय यूवा संघ बाराको गम्भिर ध्यानाकर्षण भएको छ।

न्यायालयको गरिमामा खलल पुर्याई सिङ्गो न्यायपालिका कै मानमर्दन हुने गरी अभिब्यक्ति दिएको प्रति आपत्ति जनाएको छ। आफु आईजीपी बन्न नसकेको कुण्ठाका कारण विगतमा भर््रै सस्तो लोकप्रियता पाउन पूर्वडीआईजी(तत्कालीन एसपी) रमेश खरेलले साँसद माथि लगाएको आरोप निराधार रहेको संघका संयोजक पुरुषोतम साहले भने।

आम जनताको रगत र पसीनाबाट तलव पेन्सन खाने तर सुनियोजित ढंगबाट प्रभु साहको राजनीतिक मानमर्दन तथा चरित्र हत्या गर्न गैरजिम्मेवारीपूर्ण अभिव्यक्ति दिनु आफैंमा खेदपूर्ण रहेको विज्ञप्तीमा भनिएको छ।

# कलैयामा लकडाउनमा सयौ मानिस सडकमा

**टुडे समाचारदाता**

कलैया।

बाराको सदरमुकाम समेत रहेको कलैयामा सरकारले घोषणा गरेको लकडाउनको ३४औं दिन सम्म आईपुग्दा प्रभाव आँशिक परेका छन।

कलैयामा निर्वादि रुपमा मानिसहरुको आवत जावत र समुहगत घुमफिर भईरहेको छ। मोटरसाईकल लगायत भारी सवारीसाधन पनि सहजै गुडेको छ।

प्रहरी प्रशासनले सुरक्षाको दायरा नबढाएको कारणले लकडाउन प्रभावकारी हुन नसकेको स्थानीयहरुले बताए।

प्रमुख जिल्ला अधिकारी रुद्र प्रसाद पंडितको कमजोरीका कारणले पनि लकडाउन प्रभावकारी हुन नसकेको नागरिक समाजका अगुवाहरु बताउन्छ।

बजार भित्र विहानको समयमा बजारका अधिकांश पसलहरु खुलेका छन। साथै उक्त पसलहरुबाट सेवा लिनका लागि बजारमा किनमेल गर्नेको भिड रहेपनि प्रहरी प्रशासनको उपस्थिति देखिएको छेन्।

# सांसद महतोद्वारा उपकरण प्रदान

**टुडे समाचारदाता**

जनकपुरधाम । जनता समाजवादी पार्टीका नेता एवं धनुषा क्षेत्र नम्बर ३ का सांसद राजेन्द्र महतोले आफ्नो क्षेत्र अन्तर्गतका ठाउँमा स्वास्थ्य सामग्री उपलब्ध गराएका छन्।

जनकपुरधामउपमहानगरपालिकाका मेयर लालकिशोर साह, नगराइन नगरपालिकाका मेयर परमेश्वर यादव र मुखियापट्टी मुसरनिया गाँउपालिकाका अध्यक्ष मनोज यादवले ती सामग्रीहरु धनुषा क्षेत्र नम्बर ३ का २० स्वास्थ्य चौकी र धनौजी गाँउपालिकाकास्थित क्वारेन्टाइनमा हस्तान्तरण गरिएको छ।

निर्वाचिन क्षेत्र सम्पर्क कार्यालयको आयोजनामा प्रत्येक स्थलमा १ थर्मल गन, २ पिपिई,



५० मास्क, १ सयजनाका लागि ग्लोब्स र १ बोतल सेनिटाइजर हस्तान्तरण गरिएको छ।

तिनेवटा पालिकाका प्रमुख सहित जिससका उपप्रमुख दिपक झा, नेताहरु संजय सिंह, मनोज चौधरी, प्रमोद यादव सहितको उपस्थितीमा सो सरसमानहरु वितरण गरिएको हो।

# ओछ्यानमै महिला मृत फेला

**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषाको सबैला नगरपालिकामा एक महिलाको सुतेकै अवस्थामा मृत्यु भएको छ। सबैला नगरपालिका वडा नम्बर २ निवासी शुभनारायण महतोकी ३० बर्षीया पत्नी सिकान्ती महतो सुतेकै अवस्थामा मृत फेला परेको प्रहरीले जनाएको छ। आईतबार राति खाना खाएर ओछ्यानमा सुतेकी उनको शव बिहान ओछ्यानमै फेला परेको हो।

मृतकको शवलाई परीक्षणका लागि जनकपुधामस्थित प्रादेशिक अस्पताल ल्याइएको र अन्य अनुसन्धान भइरहेको प्रहरीकोभनाई छ।

# पूर्वसचिव उपाध्यायलाई धरौटीमा छाड्न आदेश


जिल्ला अदालत काठमाडौंले पूर्वसचिव भीम उपाध्यायलाई २५ हजार धरौटी बुझाएर तारिखमा छाड्न आदेश दिएको छ।

जिल्ला न्यायाधीश भरतमुनि खनालको इजलासले आज थुनछेक बहसपछि धरौटी २५ हजार धरौटी बुझाएर तारिखमा छुट्नुभएको अदालतका श्रेस्तेदार आनन्दप्रसाद श्रेष्ठले जानकारी दिनुभयो। सामाजिक सञ्जालमार्फत सरकारको गालीगलोज गरेको आरोपमा पक्राउ पर्नुभएका उपाध्यायलाई सरकारी वकिल कार्यालयले विद्युतीय कारोवारसम्बन्धी ऐनअन्तर्गत मुद्दा दायर गरेको थियो।















## तपाईको आज

आचार्य पण्डित : श्री सन्तोष कु. पाण्डेय

| | |
|---|---|
| मेष | : वाद विवादबाट बच्नु। |
| बृष | : प्रतिभा सम्पन्नता। |
| मिथुन | : अवसर प्राप्त। |
| कर्कट | : नयाँ कार्य हुने। |
| सिंह | : शिक्षामा उन्नति। |
| कन्या | : पुरस्कार प्राप्त लाभ। |
| तुला | : सुख समृद्धि हुने। |
| बृश्चिक | : बौद्धिक क्षमता। |
| धनु | : प्रेम प्रसंग, मित्र सुख। |
| मकर | : भ्रमण अवसर हुने। |
| कुम्भ | : धन बृद्धि सञ्चय। |
| मीन | : पारिवाहिक सुख। |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्लाईन) | ४२००९९,४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्होम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| आँखा अस्पताल | ५२०३९७ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| एयर पोर्ट | ५२००४४ | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |
| | | बारुण यन्त्र (जलेश्वर) | ०४४-५२००९७ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने सयम | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने सयम | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# कारागारमा क्षमताभन्दा बढी कैदी




काठमाण्डु । राष्ट्रिय मानव अधिकार आयोगले केन्द्रीय कारागारमा क्षमताभन्दा बढी कैदीबन्दी रहेको अनुगमनबाट थाहा भएको जनाएको छ । आयोगका सचिव वेदप्रसाद भट्टराईले सोमबार जारी गर्नुभएको प्रेस विज्ञप्तिमा एक हजार २५० जनाको क्षमता रहेकोमा तीन हजार १६४ कैदीबन्दी रहेकाले खानेपानी, शौचालय तथा सरसफाइ र सामाजिक दूरी कायम गर्न समस्या देखिएको उल्लेख छ।

कोरोना भाइरस सङ्क्रमणको स्थितिमा हिरासत तथा कारागारमा रहेका थुनुवा, कैदीबन्दीको मानव अधिकारको अवस्था सम्बन्धमा आयोगले अनुगमन गरेको छ। आयोगका सदस्य सुदीप पाठकसहितको टोलीले काठमाण्डु र ललितपुरका केही हिरासतका साथै केन्द्रीय कारागारको अनुगमन गरेको हो।

कोरोना रोकथामका लागि हिरासत कक्षमा सरसफाइ, थुनुवाको स्वास्थ्य परीक्षण, साबुन पानीको व्यवस्था र मुद्दा प्रक्रियामा सचेतना अपनाइएको भएता पनि अनुगमनका क्रममा कारागार व्यवस्था विभागका महानिर्देशक तथा केन्द्रीय कारागार प्रमुखसँग छलफल भएको आयोगले जनाएको छ।

छलफलको क्रममा हालसम्म कैदीबन्दीमा सङ्क्रमित रोग नदेखिएको भएता पनि देशभरी ७२ वटा कारागार रहेकोमा अधिकांश कारागार जीर्ण अवस्थामा रहेको, क्षमताभन्दा बढी कैदीबन्दी रहेकोले कहीँ कतैबाट रोगको सङ्क्रमण हुन गएमा कारागारभित्रको स्थिति भयावह हुनसक्नेतर्फ बेलैमा सचेत हुनपर्ने आयोगले ठहर गरेको छ।

त्यसैगरी, विदेशमा रहेका केही नेपाली कामदारले कोभिड-१९ को कारण तलब नपाउँदा खान बस्न समस्या भएको, उनीहरु सङ्क्रमणको जोखिममा रहेको, तालीम तथा अध्ययनका क्रममा बङ्गलादेश, कतारलगायत विश्वका विभिन्न मुलुकमा रहेका विद्यार्थीको खर्च अभावले अलपत्र र अप्ठ्यारोमा परेको भनी आयोगमा फोन, इमेलबाट उजुरी तथा सञ्चार माध्यमबाट जानकारी प्राप्त हुन आएको विज्ञप्तिमा उल्लेख छ । अहिलेको जटिल परिस्थितिलाई मानव अधिकारमैत्री तवरले समाधान गर्न आयोगले सरकार, परराष्ट्र, स्वास्थ्य, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका मन्त्रीसँग छलफल गरी ध्यानाकर्षण गराएको जनाएको छ ।रासस

# एनआरएनएको राहत ३० हजार बढीलाई

काठमाण्डु। गैरआवासीय नेपाली सङ्घ (एनआरएनए) को कोभिड-१९ सम्बन्धी उच्चस्तरीय समितिले ३० हजार बढीलाई राहत सामग्री उपलब्ध गराएको छ।

एनआरएनएले राहत वितरण, स्वदेश फिर्ता र पुनःस्थापनाको कार्यक्रमलाई युद्धस्तरमा अघि सारेको जनाएको छ। गैरआवासीय नेपाली सङ्घ (एनआरएनए) का महासचिव डा हेमराज शर्माका अनुसार ४१ देशमा १५० भन्दा बढी शहरमा ९०० भन्दा बढी स्वयम् सेवक राहत वितरणका लागि खटिएका छन्।

सङ्घका राष्ट्रिय समिति र अन्तरराष्ट्रिय परिषद्ले स्थापना गरेको २४घण्टे हटलाइनबाट सात हजारभन्दा बढी नेपालीले परामर्श लिएको डा शर्माले जानकारी दिनुभयो। कूल ७० जना चिकित्सकले एक हजार २०० नेपालीलाई स्वास्थ्यसम्बन्धी परामर्श दिएका छन्। राष्ट्रिय समन्वय परिषद्ले भण्डै रु तीन करोड बराबरको राहत कोष स्थापना गरिसकेको छ।

कोषको रकम बढ्ने क्रममा छ। एनआरएनए कोरिया, चीन, मकाउ, हङकङ र युएईले रु दुई करोड बढीको स्वास्थ्य सामग्री नेपाल पठाएको एनआरएनएले आज जारी गरेको विज्ञप्तिमा उल्लेख छ। एनआरएनए अन्तरराष्ट्रिय समन्वय परिषद्ले रु पाँच करोडको राहत कोष लक्ष्यसहित बढाउने अभियान जारी राखेको सङ्घका कोषाध्यक्ष महेशकुमार श्रेष्ठले जानकारी दिनुभयो। यसैगरी नियन्त्रित र सुरक्षित स्वदेश फिर्ताको रणनीतिक योजना बनाइ सरकारलाई उच्चस्तरीय समितिले ज्ञापन बुझाएको छ। पुनःस्थापना र स्वदेश फिर्ता भएका नेपालीमा कसरी पुनःस्थापन गर्न सकिन्छ, उनीहरुले बाहिर सिकेको ज्ञान र सीपलाई कसरी देश विकासमा सदुपयोग गर्न सकिन्छ भन्नेबारेको योजना तयारीको क्रममा रहेको छ।

एनआएनएका अनुसार शनिबारसम्म मृत्यु हुने गैरआवासीय नेपालीको सङ्ख्या ४९ पुगेको छ, जसमा बेलायतमा ३३, अमेरिका १०, युएई २, आयरल्याण्ड १, जापान १, टर्की १ र नेदरल्याण्डमा १ जनाको ज्यान गएको छ। भण्डै दुई हजार जना कोरोना सक्रमित भएका छन् ।रासस

# केही दिन यता नयाँ सङ्क्रमित फेला परेका छैनन्

काठमाण्डु । हालसम्म कोभिड १९ सङ्क्रमितको संख्या ५२ पुगेकोमा १६ जना उपचारपछि घर फर्केका छन्। केही दिन यता नयाँ सङ्क्रमित फेला परेका छैनन् । सोमबार आयोजित नियमित पत्रकार सम्मेलनमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका प्रवक्ता डा विकास देवकोटाले बाँकी ३६ जनाको उपचार भइरहेकोमा सबैको अवस्था सामान्य रहेको बताउनुभयो ।

पिसिआर विधिबाट दश हजार ४७१ र र्‍यापिड डाइनोस्टिक टेस्ट (आरडीटी) बाट ४३ हजार ६३ गरी कूल ५३ हजार ५३४ जनाको परीक्षण गरिएको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जनाएको छ । गत २४ घण्टामा देशभर दुई हजार १८४ जनाको परीक्षण गरिएको छ।

प्रवक्ता देवकोटाले भन्नुभयो, प्रदेश नं १ मा हालसम्म चार हजार ५४५, प्रदेश नं २ मा पाँच हजार २०८, वाग्मतीमा सात हजार ६२६, गण्डकीमा चार हजार ९२६, प्रदेश नं ५ मा तीन हजार ४७१, कर्णालीमा पाँच हजार २२८ र सुदूरपश्चिम प्रदेशमा ११ हजार ९६१ आरडीटीबाट परीक्षण भइसकेको छ । आरडीटीबाट परीक्षण गर्ने ४२ हजार ६३ पुगेको छ । क्वारेनटाइनमा बस्नेको संख्या २० हजार १९५ र आइसोलेशनका बिरामी संख्या १०६ छन्। त्यसमा उपत्यकाभित्र आठ र उपत्यका बाहिर ९८ जना छन् । मन्त्रालयले सञ्चालन गरेको दुई वटा कल सेन्टर (१११५ र ११३३) मा गत २४ घण्टामा दुई हजार ११९ वटा कल प्राप्त भएका छन् । मन्त्रालयले सबै कलको सम्बोधन गरेको छ।

मन्त्रालयले सञ्चालन गरेको मोबाइल एप्स हाम्रो स्वास्थ्य र वेभ पेजमा हालसम्म आफ्नो स्वमूल्याङ्कनको लागि 'इन्ट्री' गर्नेको संख्या २७ हजार ५४२ पुगेको प्रवक्ता देवकोटाको भनाइ छ । गत २४ घण्टामा ७४१ जनाले आफ्नो स्वमूल्याङ्क फाराम भरेकोमा आठ जना रेडजोनमा पर्नुभएको छ । हालसम्म कूल रेडजोनमा हुनेको संख्या ३०४ पुगेको छ।

रेडजोनमा पर्ने व्यक्तिको नमूना परीक्षण गर्ने र त्यसको अनुगमनको लागि सम्बन्धित स्थानीय तहमा खबर गर्ने काम भइरहेको छ। प्रवक्ता देवकोटाले सङ्क्रमणको प्रकृति हेरिकन लकडाउन खोलाउनेबारे के गर्ने भन्ने निर्णय हुने बताउनुभयो।

सङ्क्रमितको संख्या बढ्दै गएको कारण लकडाउनलाई निरन्तरता दिनुपर्ने देखिएको उहाँको भनाइ छ। सोही अवसरमा मन्त्रालयका प्रमुख विशेषज्ञ डा रोशन पोखरेलले स्वास्थ्यकर्मीको बारेमा जानकारी दिँदै कोरोना लागेको शङ्का लागेको खण्डमा जुन विधिबाट भएपनि तत्काले परिक्षण गर्न आग्रह गर्नुभयो ।रासस

# नेकपाका नेताहरुको अनौपचारिक छलफल, मङ्गलबार सचिवालय बैठक

काठमाण्डु। पछिल्लो समयमा सत्तारुढ नेपाल कम्युनिष्ट पार्टी (नेकपा) भित्र देखिएको आन्तरिक विवाद मिलाउन नेताहरुबीचको अनौपचारिक छलफलले तीव्रता पाएको छ । पार्टीका २० स्थायी कमिटी सदस्यले सरकार र पार्टी नेतृत्वको समीक्षाका लागि तत्काल स्थायी कमिटी बैठकको माग गरिरहेका बेला समाधानका लागि शीर्ष नेताका साथै मध्यमार्गी अन्य नेताहरुको पनि सक्रियता देखिएको हो । नेताहरुको अनौपचारिक छलफल चलिरहेका बेला मङ्गलबारका लागि पार्टीको स्थायी कमिटी बैठक आव्हान गरिएको छ। सचिवालय बैठकमा सहमति हुन नसकेका विषय स्थायी समिति वा केन्द्रीय कमिटीमा लगिनेछ।

समस्या समाधानका लागि प्रधानमन्त्री एवं अध्यक्ष केपी शर्मा ओली, अर्का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड', वरिष्ठ नेता माधवकुमार नेपाल र अन्य नेताहरुबीच एक्लाएक्लै र समूहगतरुपमा अनौपचारिक छलफल चलिरहेको छ। उहाँहरु निकट पूर्व समूहका दोस्रो तहका नेताहरु पनि समाधानका लागि सक्रिय हुनुभएको छ।

सरकारले पछिल्लो समयमा राजनीतिक दलसम्बन्धी र संवैधानिक परिषद्को कार्यक्षेत्र संशोधनसम्बन्धी अध्यादेश जारी र खारेज गराएको, पार्टी एकताका बाँकी कामले पूर्णता नपाएको, उपाध्यक्ष वामदेव गौतमलाई राष्ट्रियसभा सदस्यमा मनोनयन नगरिएको लगायत सन्दर्भमा नेकपाभित्र विवाद देखिएको हो । असन्तुष्ट नेताहरुले सरकारले पार्टीको समन्वयमा काम गर्नुपर्ने आवाज उठाउँदै आएका छन् भने सरकारको नेतृत्वमा रहेका नेताहरुले पार्टीले सरकारलाई सघाउनुपर्नेमा जोड दिएका छन्। अध्यक्ष दाहाल र वरिष्ठ नेता झलनाथ खनालबीच दाहाल निवास खुमलटारमा पार्टीको आन्तरिक विवादका विषयमा छलफल भएको छ। समस्या समाधानका लागि आज वरिष्ठ नेता नेपाल र अन्य केही नेताहरुबीच काठमाडौंमा अनौचारिक छलफल भएको छ। छलफलमा सहभागी स्थायी कमिटी सदस्य रघुजी पन्तले आफूहरुले उत्पन्न गतिरोध चाँडै अन्त्य गराउन र पार्टीलाई एक ढिक्का बनाएर जान सुझाव दिइनुका साथै स्थायी कमिटीको बैठक चाँडो राख्न जोड दिइएको बताउनुभयो । समाधानका लागि शीर्ष नेताहरुबीच शक्ति बाँडफाँटको तयारी हो भन्ने सञ्चारकर्मीको जिज्ञाशामा नेता पन्तले भन्नुभयो, निकासका लागि प्रधानमन्त्री एवं अध्यक्ष ओलीले नै पहल गर्नुपर्छ। गतिरोध चाँडो अन्त्य हुनुपर्छ। कतिपय नेताले पार्टी र सरकारका एक व्यक्ति एक पद हुनुपर्ने प्रस्ताव पनि राखेका छन् भने निर्वाचनबाट स्थिरता र विकासका लागि नेकपाले जनादेश लिएकाले एकताबद्ध भई काम गर्नुको विकल्प नभएको जनाएका छन्। रासस

# किसानलाई राहत घोषणा गर्न आग्रह

काठमाण्डु । नेपाल किसान सङ्घले कोरोना भाइरसको सङ्क्रमण रोकथामका लागि लागू गरिएको लकडाउनपछि मुलुकभरका किसानले ठूलो नोक्सानी व्योहोर्नुपरेको उल्लेख गर्दै उनीहरुलाई राहत कार्यक्रम घोषणा गर्न सरकारसँग आग्रह गरेको छ।

सङ्घका सभापति भानुभक्त सिग्देलले सोमबार एक वक्तव्यमार्फत लकडाउनका कारण दिनभरी मजदुरी गरी जीवनयापन गर्ने कृषि श्रमिकलाई समस्या परेको, उत्पादनमा संलग्न किसानले आफ्नो उत्पादन बजारमा पुर्‍याउन नपाएर नष्ट गर्नुपरेको र कृषिजन्य कच्चा पदार्थमा आधारित कृषि उद्यमी संकटमा परेको उल्लेख गर्नुभएको छ। सरकारसँग श्रमिक किसानलाई गाँसबासको व्यवस्थापनसाथै सबै खाले किसानको नोक्सानको क्षतिपूर्ति दिने र आगामी दिनमा यस्तो क्षति हुन नदिन सुरक्षित उत्पादन र बजार व्यवस्थापनको ग्यारेण्टी गर्ने प्रकारको राहतका कार्यक्रम घोषणा गर्न सङ्घले अपिल गरेको छ।

उत्पादनमा लागेका किसान मल बीउ जस्ता अति आवश्यक सामग्रीको अभावमा नयाँ उत्पादनमा लाग्न नपाएको बताउँदै अध्यक्ष सिग्देलले यसले मुलुकको समग्र अर्थव्यवस्थामा दुरगामी असर पर्ने उल्लेख गर्नुभएको छ। सङ्घले कोरोना रोकथामका लागि लकडाउन लागु गरेर मात्र जनताप्रतिको सबै कर्तव्य पूरा नहुने भन्दै सरकारलाई किसानका समस्याप्रति गम्भीर हुन आग्रह गरेको छ ।रासस

# हवाई र पर्यटन क्षेत्रका सुधारका लागि यस्तो छ चेम्बरको सुझाव

काठमाण्डु । नेपाल चेम्बर अफ कमर्सले कोरोना भाइरसका कारण मुलुकको पर्यटन तथा हवाई क्षेत्रमा परेको प्रभाव कम गर्न सरकारलाई सुझाव दिएको छ । चेम्बरका अध्यक्ष राजेशकाजी श्रेष्ठलगायतका पदाधिकारीले सोमबार संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री योगेश भट्टराईलाई एक ज्ञापनपत्र बुझाउँदै पर्यटन तथा हवाई क्षेत्रको उत्थानका लागि सुझाव दिएको हो । चेम्बरले कोरोना भाइरस विश्वव्यापी महामारीको रुपमा फैलिएको कोभिड-१९ बाट विश्व पर्यटन गम्भीर रुपले प्रभावित भएको उल्लेख गर्दै त्यसलाई सुधारका लागि सरकारलाई सुझाव दिनुभएको छ । विदेशी मुद्राको प्रमुख स्रोत रहेको नेपाल जस्तो अति कम विकसित र आत्मनिर्भर हुन नसकेको मुलुकको लागि यसबाट उत्पन्न चुनौतीसँग जुध्न झने कठिन रहेको उल्लेख गर्दै अध्यक्ष श्रेष्ठले उद्योग व्यवसाय, रोजगारी, स्वास्थ्य, शिक्षालगायतका क्षेत्रमा अत्यन्तै प्रतिकूल प्रभाव पारेकाले त्यसमा सुधार जरुरी रहेको बताउनुभएको छ।

चेम्बरले आन्तरिक पर्यटनतर्फ कोरोनाको प्रभाव कम हुने वित्तिकै अघि बढाउनु आवश्यक रहेको र त्यसका लागि सरकारले अनिवार्य रुपमा वर्षको एक पटक निजामती तथा सङ्गठित संस्थाका कर्मचारी र आम नागरिकलाई प्रोत्साहन प्याकेजसहित आन्तरिक भ्रमणको लागि प्रेरित गर्नुपर्नेमा जोड दिएको छ।

हाल चीनमा कोरोनाको प्रकोप क्रमश : नियन्त्रण हुँदै गएको सन्दर्भमा आउँदो सेप्टेम्बर-अक्टोबर महिनामा शुरु हुने पर्यटकीय सिजनमा चीनका विभिन्न शहरबाट पर्यटक भित्राउनेतर्फ सरकारीस्तरमै पहल गर्नुपर्ने चेम्बरको सुझाव छ। रासस

# कोरोनाविरुद्धको हतियार: माग धान्नै गाह्रो, आविष्कारको काम धमाधम

रमेश लम्साल/ नारायण ढुङ्गाना(रासस)

काठमाण्डु । व्यक्तिगत सुरक्षा सामग्री (पिपिई)का लागि अरुले पनि हातेमालो गर्नुपर्ने भयो, राष्ट्रिय आविष्कार केन्द्रलाई निकै धौधौ पर्‍यो, नेपाल सरकार, निजी अस्पतालका मालिक अथवा ठूले दाता अगाडि सर्नुपर्ने भयो, नत्र भने स्वास्थ्यकर्मीलाई ठूलो अन्याय हुन्छ, राष्ट्रिय आविष्कार केन्द्रका प्रमुख तथा म्यागासेसे पुरस्कार विजेता महावीर पुनले आफ्नो फेसबुक पेजमा लेख्नुभएको छ। अस्पतालमा कार्यरत जनशक्ति सुरक्षा सामग्रीबिना नै उपचारमा खटिनुपर्ने अवस्था देखिएको भन्दै उहाँले उक्त भनाइ सार्वजनिक गर्नुभएको हो। पुनले स्वास्थ्यकर्मी अग्रमोर्चामा लड्ने सिपाही भएकाले उनीहरुलाई सुरक्षित बनाउनुपर्ने बताउनुभएको छ । उहाँले अहिले ठूलो आवश्यकता भनेको सबैखाले अस्पताल र स्वास्थ्य केन्द्रमा काम गर्ने स्वास्थ्यकर्मीलाई पिपिई र अन्य सुरक्षाको सामान चाहिएको छ । अधिकांश सरकारी अस्पताल र निजी अस्पतालले आफ्ना स्वास्थ्यकर्मीले आवश्यकमात्रामा पिपिई नपाएको अवस्था छ। बजारमा सहजरुपमा पिपिई पाउनसमेत गाह्रो छ।

पाइहाले पनि त्यसको गुणस्तर छ कि छैन भनेर विपद्मा तथ्य पत्ता लगाइदिने फुर्सद पनि कसलाई होला र। सोही कारण राष्ट्रिय आविष्कार केन्द्रमा पिपिईको माग गर्दै अत्यधिकमात्रामा स्वास्थ्यकर्मीको भिड लागेको छ। विभिन्न अस्पतालका एक दर्जन बढी एम्बुलेन्स त्रिभुवन विश्वविद्यालयको परिसरमा रहेको राष्ट्रिय आविष्कार र केन्द्र पुग्छन् । लाइनमा बस्छन, नाम ठेगाना टिपाउँछन् । आविष्कार र केन्द्रका स्वयंसेवकका कुरा सुन्छन् र पिपिईलगायतका सामग्री पनि निःशुल्क लिएर फर्कन्छन्। विपद्को समयमा बजारमा पैसा हालेर समान खरिद गर्छुभन्दासमेत नपाइरहेका अवस्थामा केन्द्रले निःशुल्करुपमा स्वास्थ्य सामग्री उपलब्ध गराएको छ। प्रविधिको प्रयोग गरिएको छ।

केन्द्रका प्रमुखसमेत रहनुभएका महावीर पुन टेलिफोनमा कुन अस्पताल र कुन संस्थाका कर्मचारीलाई के कतिमात्रामा अत्यावश्यक सामग्री चाहिन्छ, त्यसको जानकारी लिनुहुन्छ । लकडाउनपछि पुन पोखरामा हुनुहुन्छ। आविष्कार र केन्द्रको काम भने चलिरहेको छ। पुनले पोखराबाट आविष्कार र केन्द्रका स्वयंसेवकसँग प्रत्यक्ष श्रव्यदृश्य माध्यमबाट जोडिनुहुन्छ। आवश्यक निर्देशन दिनुहुन्छ।

हरेक व्यक्तिसँग कुरा गर्दै टिपेको मागअनुसार कोरोनाविरुद्धका हतियार (स्वास्थ्य सुरक्षा सामग्री) उहाँले उपलब्ध गराउनुभएको छ । कोरोनाको सङ्क्रमण बढेदेखि नै आविष्कार केन्द्रलाई भ्याइनभ्याइ छ । इञ्जिनीयर विभिन्न सामग्री आविष्कार रमा लागेका छन्। अहिलेसम्म पिपिई, कोरोना बुथ, एरोसल बुथ, अस्पतालको भेन्टिलेटर बनाउने काम जारी छ। पाँच हजार बढी स्वास्थ्यकर्मीलाई आविष्कार केन्द्रले पिपिई उपलब्ध गराइसकेको छ । यस्तै ३०० बढी एम्बुलेन्स चालकले पनि पिपिई पाइसके । व्यक्तिगतरुपमा आएका ३०० स्वास्थ्यकर्मीले पनि पिपिई लगिसकेको पुनले राससर्सँगको कुराकानीमा बताउनुभयो।

हरेक व्यक्तिसँग कुरा गर्दैटिपेकोमागअनुसार कोरोनाविरुद्धका हतियार (स्वास्थ्य सुरक्षा सामग्री) उहाँले उपलब्ध गराउनुभएको छ । कोरोनाको सङ्क्रमण बढेदेखि नै आविष्कार केन्द्रलाई भ्याइनभ्याइ छ । इञ्जिनीयर विभिन्न सामग्री आविष्कार रमा लागेका छन् । अहिलेसम्म पिपिई, कोरोना बुथ, एरोसल बुथ, अस्पतालको भेन्टिलेटर बनाउने काम जारी छ । पाँच हजार बढी स्वास्थ्यकर्मीलाई आविष्कार केन्द्रले पिपिई उपलब्ध गराइसकेको छ ।

हामीले पिपिई निःशुल्क दिन्छौं भनेर आह्वान गर्‍यौं। तर अत्यावश्यक हुनेलाई त ठिकै छ, लैजानु राम्रो हो। तर जो पनि माग्न आएका छन्, अस्पतालमा कति आवश्यक चाहिने हो त्यो अस्पतालले व्यवस्थापन गर्नुपर्नेमा आफूखुशी पिपिई माग्न आउँदा भने पुर्‍याउन नसकिएको पुनले यथार्थ सुनाउनुभयो। काठमाडौं एक हिसाबले सुरक्षित नै छ। लकडाउनले त्यस्तो वातावरण बनाएको छ । डराउनुपर्ने अवस्था नै छैन, तर, हामी सबैले डराउनेलाई नडराउ पनि भन्न नसकिने रहेछ, उहाँले भन्नुभयो, स्वास्थ्यकर्मीमा मनोवैज्ञानिक त्रास छ, म सबैको सम्पर्कमा छु, उहाँहरु हरेक स्वास्थ्यकर्मी पिपिई माग्नुहुन्छ, सबैलाई चाहिने होइन, उपचारमा प्रत्यक्ष सहभागी हुनेहरुलाई चाहिने हो, त्यो बुझाउन सकिएन, अस्पतालले खरिद गरेर दिँदैन तर हामीलाई पुर्‍याउन कठिनाइ भएको छ।

आविष्कार केन्द्रले हालसम्म स्वास्थ्य सामग्री बनाउनकै लागि रु ६० लाखभन्दा बढी खर्च गरिसकेको छ। यस्तै विभिन्न सात लाख अस्पतालको भेन्टिलेटर बनाउनका लागि खर्च भएको छ । "माग आएपछि नाई भन्न सकिँदैन । तर धान्न गाह्रो भइरहेको छ, पुनले बताउनुभयो । एउटै अस्पतालमा ५० देखि १०० वटासम्म पिपिईको माग भयो, अस्पताल खर्च गर्दैन, अत्यावश्यकलाई पो हामीले दिने हो, सबैलाई निःशुल्क कसरी दिन सकिन्छ ? उहाँले प्रतिप्रश्न गर्नुभयो । डा पुनले भन्नुभयो, "लडाई लड्न पठाउने, अनि सिपाहीलाई हतियार नदिने, कसरी लडाई जितिन्छ, अहिले नेपालका अस्पतालले यही गरिरहेका छन्, युद्ध लड्न त हातहतियारले सुसज्जित हुनुपर्छ नी ।अहिले आविष्कार केन्द्रले एन ९५ मास्कको विकल्पको मास्क तयार पार्दै छ। त्यसको अनुसन्धान सफल भएको डा पुनले बताउनुभयो । किटाणुरहित रोबोट बनाउने काम पनि जारी छ । उहाँका अनुसार उक्त मास्कको विकल्पमा हेपा फिल्टर र एन ९९ मास्क बनाउँदै छ। रासस

प्रदेश सरकार

सामाजिक विकास मन्त्रालय

## प्रादेशिक अस्पताल, प्रदेश नं. २

जनकपुरधाम, धनुषा

## लज भाडा तथा खाना सम्बन्धी सिलबन्दी दरभाउपत्रको सूचना

सूचना प्रकाशित मितिः २०७७।०१।१५

यस प्रादेशिक अस्पताल, प्रदेश नं. २, जनकपुरधाममा कोभिड १९ को उपचारमा खटिने कर्मचारीहरुको बास तथा खाना व्यवस्थापनको लागि सार्वजनिक खरिद ऐन २०६३ को नियम ६६ र सार्वजनिक खरिद नियमावली २०६४ को नियम १४५ अनुसार खरिद सम्झौता गर्नु पर्ने भएकोले कम्तीमा ३५ कोठा भएको इच्छुक मु.अ. करमा दर्ता भएका सम्बन्धित कार्यका लागि सम्बन्धित निकायमा रजिष्टर्ड फर्म, तारे, ननतारे होटलहरुबाट आवश्यक कागजात सहित यो सूचना पत्रिकामा प्रकाशित भएको मितिले ३ (तिन) दिन भित्र निम्न शर्तहरुको अधिनमा रही तपसिलमा उल्लेखित विवरणहरुको सुविधा सहितको सिलबन्दी दररेट पेश गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। विस्तृत जानकारीको लागि (मो. ९८५४०२९०६५, ९८५१००००९, ९८५४०२३१८३) मा सम्पर्क गर्न सकिनेछ।

१. दरभाउपत्रमा आफुले सप्लाइ गर्ने सामानहरुको उल्लेखित इकाईका दररेट अंक र अक्षरमा स्पष्ट सँग बुझिने गरि लेख्नु पर्नेछ। अंक र अक्षरमा फरक परेको खण्डमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ।
२. म्याद नाघी आएका तथा रितपुर्वक नभएका दरभाउपत्र खरिद प्रकृयामा समावेश गरिने छैन।
३. कारण जनाई वा नजनाई दरभाउपत्र रद्द गर्ने वा घट्टी/बढीवालाको स्वीकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार यस अस्पतालमा निहित रहनेछ।
४. यसमा उल्लेख भएका कुराहरु यसै बमोजिम र नभएका कुराहरु प्रचलित ऐन नियम, कानून बमोजिम हुनेछ।
५. दरभाउपत्रदाताले श्री रा.बा.बैंकमा कार्यालयको नामः जनकपुर अन्चल अस्पताल, जनकपुरधाम, बैंक खाता नं. क १०००१, कार्यालय कोड नं. ३५०००१७०२२, राजश्व शिर्षक नं. १४२२९ मा रु. १०००।- जम्मा गरेको सक्कलै बैंक भौचर दरभाउपत्र साथ पेश गर्नुपर्नेछ।
६. माथि जुनसुकै कुरा लेखिएको भए तापनि माथि लेखिएका अवस्था बाहेकका विषेश परिस्थिति आई परेमा यस अस्पतालले गरेको निर्णय अन्तिम हुनेछ।

तपसिल

| सि.नं. | विवरण | दर दैनिक प्रति कोठा/प्रति छाक | दर मासिक प्रति कोठा | कैफियत |
|---|---|---|---|---|
| १ | अटैच बाथरुम डब्बल बेड एसी भएको कोठा | | | |
| २ | अटैच बाथरुम डब्बल बेड एसी नभएको कोठा | | | |
| ३ | गुणस्तरीय शाकाहारी खाना भात र रोटी (रहर, मास, चना, मसुरोको दाल, कतरनी, वास्मति चामल, गहुंको पिठो, २ वटा तरकारी हरियो सागसब्जी, दही, सल्लाद प्रति छाक दर | | | |
| ४ | गुणस्तरीय शाकाहारी नास्ता प्रत्येक दिन फरक प्रति पटक दर | | | |
| ५ | चिया दुधको दैनिक दुइ पटक प्रति कप दर | | | |

नि.प्र.मे.सु.



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ। जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन॥

## सम्पादकीय

# लकडाउनको पालना गर

संसारमा कोरोना भाइरसको कहर कम भएको छैन् ।कतै कम देखिएपनि कतै बढने क्रममा छ ।कोरोना भाइरसबाट जोगिने प्रमुख उपाय भनेकै समाजिक दुरीको अनुशासनमा बस्ने र लकडाउनलाई पूर्ण पालना गर्ने हो ।नेपालमा कोरोनाको संक्रमित संख्या फाटफुट रुपमा बढन थालेकोछ ।नेपालको खासगरि पूर्वी जिल्ला उदयपुर र मध्यको पर्सा जिल्लामा संक्रमित बढेका छन् ।संक्रमितबारे यकिन हुन व्यापक परीक्षणको आवश्यकता छ ।त्यो हुन सकिरहेको छैन् ।यस्तो अवस्थामा लकडाउन निर्विकल्प नै हो ।लकडाउनको समय सरकारले फेरी १० दिन थपेकोछ ।अब लकडाउन वैशाख २५ गते सम्म रहनेछ ।अन्तराष्ट्रिय सीमामा कडाई अझै जारी नै राखिनेछ ।सरकारले वैशाख मसान्त सम्म सीमावर्ती क्षेत्रमा आउजाउ गर्न रोक नहटाउने निर्णय गरेकोछ ।आन्तरिक र अन्तराष्ट्रिय विमान सेवा जेठ २ गते सम्म बन्द रहनेछ ।सरकारले लकडाउनको समयावधी बढाएपनि त्यसको कार्यान्वयन अत्यन्त फित्तलो छ ।सरकारले आफ्ना नेता, कार्यकर्ताहरुको नामबाट देशको विभिन्न भागमा निर्वाध रुपमा मानिसलाई ओसारपसार गर्न दिएकोछ ।सरकारले नै रकम उपलब्ध गराएर नेताहरुको नामबाट मानिसको उद्धार गरिने नाममा देशभरी आउजाउ गर्न दिएको छुटले लकडाउनको चरम उल्लंघन भइरहेकोछ ।काठमाण्डुबाट मात्र नभै देशको अन्य भागबाट समेत मानिसहरु दैनिक रुपमा हजारौ मानिसहरु आउजाउ गरिरहेका छन् ।काठमाण्डुबाट हरेक दिन हजारौ मानिसहरु दैनिक रुपमा बाहिरिने गरेका छन् ।यसले लकडाउनको म्याद थप्नुको औचित्यलाई नै समाप्त गर्न थालेकोछ ।भारतमा अलपत्र परेका हजारौ मानिसहरु नेपाल आउन कुरिरहेका छन् ।सीमा क्षेत्रमा कडाई गरिएकाले उनीहरु स्वदेश फर्किन पाउदैन् ।देशभरि मानिसलाई ओहोरदोहर गराएर लकडाउन लम्बयाउनुको औचित्य सरकारले पुष्टि गर्न सक्नुपर्छ ।राज्यले नागरिकको भोजन, आवास, स्वास्थ्य लगायतको प्रबन्ध गर्नुपर्छ ।देशमा पीसीआर परीक्षणको अवस्था कमजोर रहेकाले आउजाउ गर्न दिएपछि संक्रमण बढने जोखिम बढेकोछ ।काठमाण्डुमा रहेका मानिसहरुलाई अत्यधिक समस्या छ ।उनीहरु बस्ने नसक्ने भएर अत्यन्त कष्टकर ढंगले कयौं दिन पैदल हिडेर गन्तव्य सम्म पुगेका छन् ।तर त्यसको दोषी सरकार हो ।सरकारले उनीहरुलाई भोजन आपूर्ती लगायत अत्वाश्यक सुविधा उपलब्ध गराएको भए उनीहरु त्यस्तो कठिन यात्रा गर्दैन्थे होला ।राज्यले आफ्नो धर्म निर्वाह गर्नुपर्छ ।अहिलेको संक्रमणको बेला सरकारले राजनीतिक दाउपेच र इर्ष्यादूिशमा लाग्नु हुँदैन् ।कुनै दल फुटाउन राज्यशक्तिको चरम दुरुपयोग गर्ने, तानाशाही चरित्र देखाउने काम गर्नु हुँदैन् ।सिंगो देश नै कोरोना भाइरसबाट अक्रान्त रहेको बेला सरकारले देशमा अराजनीतिक गतिबिधि गरेर दायित्वबाट पञ्छिने प्रयास गरेकोछ ।स्वयं गंभीर प्रकृतीका बिरामी प्रधानमन्त्री केपी शर्मा ओलीले अहिले तनावपूर्ण कार्य गर्नु हुँदैन् ।उनकै स्वास्थ्यकालागि पनि आराम आवश्यक छ ।उनलेपनि लकडाउन र समाजिक दूरीको मर्यादालाई पालना गर्नुपर्छ ।

# शहीदहरुको स्मरणको निहुँमा



रोशन जनकपुरी

वैशाख १४ गते शहीद दुर्गानन्दको जन्मदिवस हो। वि.स.१९९९ सालमा उनको जन्म भएको थियो। ०१७ सालमा राजामहेन्द्रले निर्वाचित संसदलाई बर्खास्त गरी सम्पूर्ण राजकीयअधिकार जनताबाट खोसेर आफूमा निहित गरे र पञ्चायती प्रजातन्त्र नामक निरङकुश राजतन्त्र शुरु गरे। गणतन्त्रको कट्टर हिमायती दुर्गानन्दले यसैको प्रतिशोधस्वरुप ०१८ सालमा जनकपुरमा राजामहेन्द्रमाथी बम प्रहार गरेका थिए। घटनास्थलबाट त उनि भाग्न उनि सफल भएका थिए। तर पछि उनको राजनीतिकपार्टी नेपाली काँग्रेसका कार्यकर्ताहरु र उनका आफन्तलाई प्रहरीले निर्मम यातना दिन थालेपछि उनलें गिरफ्तारी दिए। भनिन्छ नेपाली काँग्रेसभित्रको आन्तरिक किचलो र सेल्टरमा यस बमप्रहारको विपक्षमा रहेका काँग्रसी नेताको उपेक्षापूर्ण व्यवहारलेपनि उनलाई गिरफ्तारी दिन प्रेरित गरेको थियो। २०२० साल माघ १५ गते राजद्रोहको दोषी ठहर गरेर निरङकुश पञ्चायती सत्ताले उनलाई फाँसीमा भुन्ड्यायो। स्रोतहरुका अनुसार माफी माँगेको भए उनको मृत्युदण्ड आजीवन कारावासमा बदलिन सक्थ्यो। तर दुर्गानन्दले माफी माँगेनन् र हाँसी-हाँसी मृत्युवरण गरे। उनको कारावासकासाथी अरविन्द ठाकुरका अनुसार एकदिन देशमा गणतन्त्र आउने दृढविश्वास उनमा भरिएको थियो। अरविन्द ठाकुरको मृत्यु केही वर्ष पहिले भइसकेको छ।

शहीद दुर्गानन्द भौतिकरुपमा २१ वर्षको छोटो जीवन बाँचे। तर इतिहासमा उनि अमर छन्। दुर्गानन्दको शहादतको ४०वर्षपछि नेपालमा गणतन्त्र आएको छ। उनिजस्तै हजारौंको शहादत र निरङकुश सत्तासंगको अथक र निरन्तर प्रतिरोधपछि राजशाही राजनैतिकरुपमा पूर्णतः समाप्त भएको छ। तर गणतन्त्रको १४ वर्षपछि विचार गर्दा यो, शहिदहरुले देखेको स्वप्न जस्तो निश्चय नै होइन।

शहीदहरुले देखेको स्वप्नको गणतन्त्र जनताको हित सर्वोपरि रहने राजनैतिक व्यवस्था हो। निश्चयनै दुर्गानन्द कम्युनिस्ट थिएनन्, जस्ले साम्यवादको सपना देख्थे। तर उनि निश्चय नै समाजवादमा विश्वास गर्थे। किनभने त्यतिबेला नेपाली काँग्रेसका सर्वोच्च नेता तथा विचारक बीपी कोइराला समेतले समाजवादको कुरा गर्थे। नेपाली काँग्रेसको झन्डामा देखिने चारतार मध्यको एक समाजवाद कै प्रतीक थियो। र, शहीद दुर्गानन्द जस्ता युवा राजनीतिक कार्यकर्ताहरु जो राजनैतिक चेतनाबाट परिचित हुनलागेकै थिए, उनिहरुलेपनि देखेको गणतन्त्र निश्चय नै जनहितप्रति पूर्ण समर्पित राजनैतिक व्यवस्था नै थियो। एउटा यस्तो राजनैतिक व्यवस्था जस्ले प्राथमिकतामा पूँजीलाई जनहित पछिको दोयमस्थानमा नै राख्छ। एउटा यस्तो राजनैतिक व्यवस्था जस्मा राजनैतिक कार्यकर्ताहरु मौद्रिक प्रलोभनभन्दा निस्पृह रहेर जनहितप्रति नैतिक जीवन बाँच्नुलाई श्रेष्ठ ठान्दछन्।

हुन त राजनीतिक पार्टीहरुमा त्यतिबेला पनि छद्मराजनीति गर्नेहरु थिए। राजनैतिक संघर्षलाई सत्तामा पुग्ने भऱ्याङ बनाउने क्यारियरिस्ट चिन्तन त्यतिबेलापनि थियो। तर त्यतिबेला नेपाली काँग्रेस होस अथवा कम्युनिस्ट पार्टी सबैसंग राजनैतिक संघर्ष गर्न प्रेरित गर्ने विचारधारात्मक लक्ष्यहरु थियो। जस्तै कम्युनिस्टहरुसंग जनगणतन्त्र वा नयाँ जनवाद, समाजवाद र साम्यवादको सामाजिक परिवर्तनको क्रान्तिकारी मार्क्सवादी मोडेल थियो भने नेकाले प्रजातान्त्रिक समाजवादी राज्यको चित्र प्रस्तुत गर्थ्यो। वैचारिकरुपमा श्रमजीविवर्ग र पूँजीपतिवर्गको आदर्शवादी सम्मिलन जस्तो वर्गसमन्वयवादी मोडेल जस्मा पूँजीपतिको हृदय परिवर्तनको अपेक्षा बढी गरिएको थियो, यस्तो खिचडी र भ्रमपूर्ण मोडेल नेपाली काँग्रेसले प्रस्तुत गरेपनि प्रत्यक्षमा यस्लेपनि जनताको हितकै कुरा गर्थ्यो।

अर्कोतिर कम्युनिस्टहरु वर्गसंघर्षमा आधारित श्रमजीविवर्गको राज्यव्यवस्थाको पक्षमा थिए।उनिहरुको विचारमा पूँजीपतिहरु बाघ जस्तै हुन र जस्ले कुनैपनि हालतमा घास खाँदैनन्, अर्थात श्रमजीविवर्ग प्रति दया राख्दैन, किनभने नाफा बिना पूँजीपति बाँच्नै सक्दैन। त्यसैले श्रमजीविवर्गले बलपूर्वक पूँजीपतिहरुलाई सत्ताच्युत गर्नुपर्छ र एउटा यस्तो राज्यसत्ताको निर्माण गर्नुपर्छ जस्ले श्रमलाई सर्वोच्च स्थानमा र श्रमजीविको हितलाई सबैभन्दा उच्च प्राथमिकतामा राख्ने शासन प्रणालीको विकास गर्नुपर्छ। उनिहरुले सर्वहारा, श्रमजीविवर्ग र उत्पीडित समुदायहरुको नेतृत्वमा समाजका सबैवर्ग र समुदायको हितप्रति समर्पित जनगणतन्त्र वा नयाँ जनवादी राज्य बाट शुरु गरेर सर्वहारा वर्गको नेतृत्वमा योग्यता अनुसारको काम र काम अनुसारको दाम पाउने समाजवादी व्यवस्था हुँदै योग्यताअनुसारको काम र आवश्यकता अनुसारको दाम पाउने साम्यवादी व्यवस्थाको मोडेल प्रस्तुत गर्थे। सामाजिक परिवर्तनका यी क्रान्तिकारी राजनैतिक मोडेलहरुले राजनैतिक पार्टी, नेता र कार्यकर्ताहरुसंग जनताप्रति पूर्णतः समर्पित नैतिक, बलिदानीपूर्ण र इमान्दार लामो राजनैतिक यात्राको माग गर्छ।

जनराजनीतिक अनुशासनका यी प्रवृत्तिहरु राजनैतिक संघर्षको बेलामा मात्रै होइन, राजनैतिक सत्तामा कब्जा गरिसकेपनि उत्तिकै आवश्यक छ। त्यसरी नै जसरी राजनैतिक संघर्षमा ज्यान गुमाएका शहीदहरु आफ्नो घर परिवार र निजी आकांक्षाहरुको पर्वाह नगरी आफ्नो सर्वस्व न्योछावर गरे।तर त्यस्तो भएन।

नेपाली राजनीतिको दुर्भाग्य के छ भने यहाँको हरेक राजनीतिक परिवर्तनपछि पुरानो राजनीतिक व्यवस्थाका पराजितवर्ग खोल ओढेर अग्रगामी परिवर्तनको रथ आफू अनुकूल घुमाउने र यसको गति निर्धारिण गर्नेगरेको छ। राणाकालको समाप्तिपछिको प्रजातन्त्रकाल होस, वा निरङकुश राजतन्त्रको पराजयपछि सम्वैधानिक बहुदलिय राजतन्त्रकाल होस, अथवा दसवर्षे माओवादी जनयुद्ध र ०६२/६३पछिको गणतन्त्रको वर्तमान काल होस ; हरेक पटक यो प्रतिगमनकारी शक्ति खोल ओढेर अग्रगामी शक्तिहरुलाई दिग्भ्रमित गर्दै आईरहेको छ। र अहिले नेपाली राजनैतिक पटलमा देखिने सत्ताको फासीवादी चरित्र जो एकातिर अन्तर्राष्ट्रिय साम्राज्यवादी र विस्तारवादी शक्तिहरु सामू घुँडा टेक्छ, र अर्कोतिर यसै तावेदारीको बलमा सत्ताशीर्षमा पुग्छ र त्यस्मा टिकी रहन सांसदहरुको खरीद बिक्रि गरेर समग्र राजनीतिलाई नै बजारमा परिणत गरीदिन्छ।

हो, अहिले हामीले भोग्दै आएको संसदिय गणतन्त्र बजार नै त हो। त्यसैले अहिलेको राजनीतिमा टिकी रहन बजारको नियम पालन गर्न जरुरी छ। त्यो भनेको बजारमा हरेक वस्तुको मूल्य हुन्छ , तपाँईले ठिक्क दाम लगाउन सक्नु भयो भने यहाँ हरेक वस्तु बिकाउ हुन्छ। कदाचित भाउ मिलेन भने बजारमा बाँची रहन तपाँईले अरुको पसल बन्द गराउन अनेक उपाय जान्नु पर्छ, भलै धम्क्याउन वा बदनाम नै गराउन किन न परोस।

अहिले राजनीतिकवृत्तमा देखिएको सांसद सुरेन्द्र यादवको अपहरण भनिएको प्रकरण यस्तै हो। यसलाई एक कोणबाट हेर्दा अपहरण नै हो जस्तो लाग्छ, जस्तो कि नवगठित जसपाले भनिरहेको छ, तर अर्को कोणबाट हेर्दा यो सांसद खरीद-बिक्रीको एउटा विशेष चित्र जस्तो लाग्छ। हुन त सांसद डा. यादवले आफू दबाबमा परेर इच्छा नभएरपनि जान बाध्य भएको भनेका छन्। तर हाल जनता समाजवादी पार्टीको एउटा घटक तत्कालीन समाजवादी पार्टीकी उपाध्यक्ष रेणु यादवले सत्तामा जाने लोभमा पार्टी फुटाउने सिग्नल प्रधानमन्त्रीलाई दिएको र यसमा सामेल तत्कालीन सपाका केही सांसद बिक्न तयार रहेको तथ्यलाई कसरी उपेक्षा गर्ने ? यो पूर्णतः अपहरण नै हो भने सांसद यादव नै किन परे ? के सांसद यादव साँच्चै यति काँतर छन् जो डराएर प्रतिरोध गर्न सक्दैनन् ? यसलाई समग्रतामा हेर्दा कि त सांसद यादवले स्वयं अथवा बिक्न तयार सांसदहरु मध्ये कसैले उनको नाम प्रस्तावित गरेपछि मात्रै यो अपहरण भनिएको राजनैतिक नौटंकी मञ्चन गरिएको हो। यसमा सांसद यादवको सत्य उनैले अथवा यस प्रकरणमा सरोकार राख्नेहरुले जानुन। तर एउटा नग्न सत्य के हो भने यो समग्र खेल पार्टी फुटाउन सांसद खरीद बिक्रीको घृणित राजनैतिक व्यापारको घृणित उदाहरण हो। एउटा यस्तो खेल जस्मा सत्ताको इसारामा सुरक्षा निकायका मानिसहरुपनि सामेल छन्। यसले नेपाली राजनीतिको भित्री अनुहार कति अनैतिक र विकृत छ भन्ने देखाउँछ।

नेपाली जनताले अथक त्याग, तपस्या, संघर्षको बलमा गणतन्त्र ल्यायो, यसलाई एउटा उपलब्धि भन्न त सकिन्छ। तर गणतन्त्रभित्रको यो जनविरोधी र बनियाँ प्रवृत्तिमा गर्व गर्न सकिँदैन। यस गणतन्त्रलाई बनियाँगिरी र दमनकारी राजनीतिबाट परिवर्तित गरेर जनमुखी चरित्रमा परिवर्तित गर्नसके मात्र यसमा गर्व गर्न सकिन्छ।

नयाँ पुस्ताको निम्ति अन्यौल के छ भने उसका सामू जुनसुकै राजनीतिक दलहरुपनि उही जनता ठगेर माल बनाउने र दमनको बलमा शासन गर्ने नै छन्। काँग्रेस होउन वा कम्युनिस्ट वा मधेशकेन्द्रित पार्टीहरु, अहिले सत्तामा देखिएका पक्ष र विपक्ष सबै एउटै थैलीमा देखिएका छन्। वस्तुतः यो कुनै राजनैतिक पार्टी वा नेता भन्दापनि राजनैतिक शासन प्रणालीकै प्रश्न हो। हामीसंग गणतन्त्र छ, संघीयता छ तर यसलाई सञ्चालन गर्ने शासन प्रणाली नै यस्तो छ जस्ले बहुसंख्यक श्रमजीविवर्गलाई उपेक्षामा राख्छ।

र युवा पुस्ताको त्रासदी के छ भने उ नेपाली राजनीतिमा गरिएका ऐतिहासिक राजनैतिक संघर्षबारे वर्तमानमा बहस गर्न चाहदैन, जान्न चाहँदैन। ऊ शहीदहरुलाई देउता सम्भन्छ, कुनै मृत इतिहास जस्तो, जस्लाई पूजा गरे पुग्यो। उसको निम्ति त प्रेरक सफ्फा र चिटिक्क धोती कुर्ता र गमछा लगाएका र टोपी, र दौरा-सुरुवालमा टिमिक्क परेर लच्छेदार भाषण गर्ने र नैतिकताका खोल ओढेका राजनैतिक व्यापारीहरु हुन्। कस्तो विडम्बना ! एक दिन पहिले कुनैपनि हालतमा सत्ताधारीसंग सम्बन्ध नराख्ने भन्छ र भोलीपल्ट सरकार बनाउन भोट हाल्न जान्छ। र ताल परे कुनै निहुँ भिक्रेर सरकारमा मन्त्री सुखपनि भोग्छ। वर्तमान राजनीतिको सबैभन्दा त्रासदी के हो भने अहिलेको राजनीतिक पार्टीहरुसंग राजनीतिक लफ्फाजीबाहेक कुनैपनि विचारधारात्मक लक्ष्य र चरित्र छैन। यो संघीय सत्तामा मात्रै होइन, प्रदेशको राजनीतिमापनि लागू हुन्छ। जनताले विश्वास गरेर होस अथवा अनेक हथकन्डा अपनाएर प्रदेश नम्बर दुईमा मधेशकेन्द्रित दलहरुले सरकार बनाए। तर के भयो ? उस्तै भ्रष्टाचार, उस्तै एक अर्कालाई छूरामार राजनीति। अहिले त मधेशकेन्द्रित दलहरु परिबन्दमा परेर एकीकृत पार्टीमा परिणत भएका छन्। तर यसले उनिहरुको राजनैतिक प्रवृत्तिमा परिवर्तन न आउने निश्चित नै हो। आखिर बिक्न तयार सांसदहरुलाई जसपाले पार्टीभित्र अँटाएकै छ। तर भावुक युवाहरु उनको आवरण देखेर अहिलेपनि भ्रमित नै छन्। वस्तुतः यो कुनै व्यक्ति, पार्टी विशेषको प्रश्न होइन। यो समग्र राजनैतिक परिवेशकै प्रश्न हो।

युवाहरुले आफ्नो राजनैतिक चेतना र ज्ञानलाई भावनात्मक र अन्धविश्वासभन्दा फरक जनहितका आधारभूत तथ्य र यसबाट विकसित ज्ञानहरुमा विकसित गर्नुपर्छ। शहीदहरुको कथा होइन, शहादतको वास्तविक कारणहरुको खोजीमा युवाहरु जुट्नुपर्छ। यद्यपि युवाहरु नै परिवर्तनका मूख्य वाहक हुन भन्ने तथ्यलाई कस्ले इन्कार गर्नसक्छ ? दुर्गानन्द जस्ता असंख्य युवाहरुको शहादत यसैको प्रतीक हो।

शहीदहरुले देखेको स्वप्नको गणतन्त्र जनताको हित सर्वोपरि रहने राजनैतिक व्यवस्था हो। निश्चयनै दुर्गानन्द कम्युनिस्ट थिएनन्, जस्ले साम्यवादको सपना देख्थे। तर उनि निश्चय नै समाजवादमा विश्वास गर्थे। किनभने त्यतिबेला नेपाली काँग्रेसका सर्वोच्च नेता तथा विचारक बीपी कोइराला समेतले समाजवादको कुरा गर्थे। नेपाली काँग्रेसको झन्डामा देखिने चारतार मध्येको एक समाजवाद कै प्रतीक थियो। र, शहीद दुर्गानन्द जस्ता युवा राजनीतिक कार्यकर्ताहरु जो राजनैतिक चेतनाबाट परिचित हुनलागेकै थिए, उनिहरुलेपनि देखेको गणतन्त्र निश्चय नै जनहितप्रति पूर्ण समर्पित राजनैतिक व्यवस्था नै थियो। एउटा यस्तो राजनैतिक व्यवस्था जस्ले प्राथमिकतामा पूँजीलाई जनहित पछिको दोयमस्थानमा नै राख्छ। एउटा यस्तो राजनैतिक व्यवस्था जस्मा राजनैतिक कार्यकर्ताहरु मौद्रिक प्रलोभनभन्दा निस्पृह रहेर जनहितप्रति नैतिक जीवन बाँच्नुलाई श्रेष्ठ ठान्दछन्।

# कोरोना भाइरस : अस्पष्टता र वास्तविकता



डा सीताराम आचार्य

अहिले सारा विश्व कोभिड १९ अर्थात् कोरोना भाइरसको महामारीले आक्रान्त छ। यो रोगको औषधि र सफल उपचार विधिबारे विभिन्न देशमा तीब्र गतिमा अनुसन्धानहरु भइरहेका छन्। यद्यपि हालसम्म खासै उल्लेखनीय सफलता प्राप्त भइसकेको छैन।

विभिन्न मुलुकमा रोग प्रतिरोधात्मक खोपको परीक्षण पनि सुरु भइसकेको छ, तथापि यी खोपहरु प्रभावकारी ठहरिए भने पनि आम मानिसको निम्ति प्रयोगमा आउन अझै कैयौ महिना लाग्न सक्छ। उपचारको बारेमा मात्र नभई रोग निदान अर्थात् डायग्नोसिसको प्रभावकारी विधिहरुको बारेमा समेत अनुसन्धानहरु भइने रहेका छन्। पछिल्लो पटक अहिलेको कोरोना महामारी र यसको निदानको निम्ति प्रयोग भइरहेका विधिहरुको प्रभावकारिताको बारेमा नेपालका युवा वैज्ञानिक एवं अनुसन्धानकर्ता डा बसन्त गिरी लगायतले सामाजिक सञ्जालहरुमा व्यक्त गरिरहनुभएको धारणा लगायत स्वास्थ्य क्षेत्रका विज्ञहरुले विभिन्न पत्रपत्रिकाहरुमा यस सम्बन्धमा व्यक्त गर्नुभएका विचारहरु पढिसकेपछि यसको बारेमा अलि बढी जिज्ञासा पैदा भयो।

हालैका दिनहरुमा कोरोना भाइरस सम्बन्धी केही नयाँ र केही पहिलेदेखि नै सुनिँदै आएका भ्रमपूर्ण धारणा र समाचारहरु सामाजिक सञ्जाल मार्फत ह्वारह्वार्ती बाहिर आए। अझ राज्यका केही जिम्मेवार मानिसहरुबाट समेत यस्तो भ्रमपूर्ण धारणाहरु बाहिर आइसकेपछि मलाई कोरोना भाइरस सम्बन्धी बाहिर आएका त्यस्ता भ्रमपूर्ण धारणाहरुको बारेमा स्पष्ट पार्न उचित लाग्यो। सामाजिक सञ्जालमा मात्र नभई यस्ता भ्रामक तथ्य तथा सामग्रीहरु देश(विदेशका विभिन्न वेबसाइटमा पनि यत्रतत्र भेटिने गर्छन्। जस्तो कि, केही समयअघि विश्वकै नाम चलेको विश्वविद्यालयको वेबसाइटको हवाला दिँदै विभिन्न वेबसाइटहरुले कोरोना भाइरस सम्बन्धी भ्रामक तथ्यहरु प्रकाशित गरे। त्यसपछि सम्बन्धित विश्वविद्यालयले नै ती सामग्रीहरु आफ्नो वेबसाइटमा कहिल्यै नराखिएको र ती सामग्रीहरु भ्रामक रहेको कुरा सार्वजनिक गरेको थियो।

त्यसरी सो विश्वविद्यालयले स्पष्ट पारिसकेको यतिका दिन बितिसक्दा पनि नेपालको एउटा प्रतिष्ठित एयरलाइन्सले भने आजको मितिसम्म आफ्नो वेबसाइटमा राखेका ती सामग्रीहरु हटाएको छैन। त्यस्ता अप्रमाणित, काल्पनिक र भ्रामक कुराहरुको पछि लाग्नु हुँदैन। विज्ञान प्रमाणित र तथ्यसंगत कुराहरुमा मात्र विश्वास गर्छ, अप्रमाणित र काल्पनिक कुराहरुको विपक्षमा हुन्छ विज्ञान जहिले पनि। तसर्थ, यो अवस्थामा स्वास्थ्य क्षेत्रसँग सम्बन्धित विज्ञहरुको सल्लाह(सुझाव मान्दै उच्च सतर्कता अपनाउनु, विज्ञानले प्रमाणित गरेका कुराहरुमा मात्र विश्वास गर्नु र विभिन्न वैज्ञानिक खोजहरुबाट प्राप्त हुने सकारात्मक नतिजाको प्रतीक्षा गर्नुको विकल्प हामीसित छैन। जसरी यसभन्दा अघिका महामारी र सरुवा रोगहरुको समाधान विज्ञानले गरेको थियो, अहिलेको महामारीको समाधान पनि ढिला चाँडो विज्ञानले नै गर्नेछ। महामारी अप्रत्यासित हुन सक्छ र जिवाणुहरुले पनि आफ्नो स्वरुप बदल्दै जान्छन् वा आफुलाई वातावरण अनुकुलित बनाउँदै जान्छन्। त्यसैले विज्ञानसँग कहिलेकाहीँ यस्ता अप्रत्यासित समस्याहरुको रेडिमेड समाधान नहुन सक्छ र समाधानको लागि विज्ञानले बृहत खोज गर्नुपर्ने हुन सक्छ। तर यसैको आधारमा विज्ञान सिद्धियो, विज्ञान त केही होइन रहेछ, वैज्ञानिकहरु त कामै नलाग्ने रहेछन् भन्ने खालको अस्पष्टताबाट पनि हामी मुक्त हुन जरुरी छ।

**अब कोरोना भाइरससँग सम्बन्धित केही हल्ला एवं अस्पष्टतासँग केन्द्रित भएर यसबारेमा संक्षिप्त चर्चा गरौं।**

**१. कोरोना भाइरस सजीव कि निर्जीव?**

भाइरसलाई जीवित वस्तु मान्ने कि नमान्ने भन्नेमा वैज्ञानिकहरुमा मतक्यैता देखिँदैन। भाइरसले आफै केही गर्न सक्दैन, अरु जीवित वस्तुको कोषको सहारामा मात्र भाइरस बच्न सक्छ। भाइरसले पनि आफैमा आफ्नो जीवन प्रकृयाहरु पूरा गर्न सक्दैन। यसलाई आफ्नो जीवन प्रकृया सञ्चालन गर्नका लागि मान्छे जस्तै अर्को कुनै जीव अर्थात् होस्ट चाहिन्छ। आफू बच्न र फैलिन सहायक हुने न्युक्लेइक एसिड, प्रोटिन जस्ता रासायनिक पदार्थ बनाउने लगायतका बायोकेमिकल गतिविधिको लागि भाइरसले होस्टको कोष (सेल) मा निर्भर रहनुपर्ने हुन्छ। यसबाट भाइरस एउटा परजीवी हो भन्ने कुरा स्पस्ट हुन्छ। भाइरसले कुनै होस्ट प्राप्त गर्न सकेन भने छोटो समयमै यसको अस्तित्व समाप्त हुन्छ भन्ने कुरा पनि यसबाट प्रष्ट भयो। भाइरसलाई झण्डैझण्डै एउटा मकैको बिउसँग तुलना गर्न सकिन्छ। मकैको बिउ निर्जीव तबसम्म रहन्छ जबसम्म उसले अंकुराउनको लागि उचित वातावरण (माटो, पानी, तापक्रम, रासायनिक तत्वहरु आदि) प्राप्त गर्दैन। अंकुराइसकेपछि उक्त बिउ निर्जीवबाट सजीव अर्थात् बिरुवा बन्यो। अर्को शब्दमा भन्नुपर्दा बिउ निर्जीव भए तापनि त्यसमा जीवनको अन्तर्निहित गुण हुन्छ।

भाइरसले देखाउने व्यवहारहरु र यसका कतिपय गुणहरु निर्जीव भन्दा पनि जीवित वस्तुसँग मिल्दोजुल्दो हुन्छन्। यस मानेमा भाइरसलाई धुलो, धुवाँ, चुरोट, रक्सी आदिजस्तै रोग उत्पन्न गराउन सक्ने निर्जीव वस्तु मात्र ठानियो भने त्यो सही हुँदैन। समग्रमा भाइरस भनेको होस्ट प्राप्त नगर्दा आफ्नो जीवन प्रक्रिया सञ्चालन गर्न नसकेर केही घण्टादेखि केही दिनसम्मको छोटो समयमै नष्ट हुने तर होस्ट भेट्टाएको खण्डमा भने सोही होस्टको सहारामा आफ्नो जीवन प्रकृया सञ्चालन गर्दै आफ्नो जीवन लम्ब्याउने एक प्रकारको सूक्ष्म( जिवाणु हो भनेर बुझ्नु उपयुक्त हुन्छ। तर 'भाइरस निर्जीव तत्व हो, त्यसको बोसोयुक्त पदार्थ वा त्यस्तै अरु केहीले मात्र यो जीवित भएको हो' भनिहाल्नु चाहिँ कता(कता अमिल्दो हुन जान्छ र यसो भन्नु भनेको 'मान्छे निर्जीव तत्व हो, उसको मुटु वा गिदीले मात्र मान्छे जीवित भएको हो' भन्नु जस्तै हो।

**२. कोरोना भाइरसमा तापक्रमको असर**

हामी के कुरामा स्पष्ट हुनुपर्छ भने तातोपानीले नुहाए पनि, चिसो पानीले नुहाए पनि हाम्रो शरीरको तापक्रम परिवर्तन हुने होइन, उक्त तापक्रम स्थिर नै रहन्छ। यसले शरीर भित्रको भाइरसलाई कुनै असर गर्दैन र अर्कोतर्फ, संक्रमण हुने खतरालाई पनि कम गर्दैन। यसैगरी तातो घामले पनि शरीरको तापक्रममा कुनै परिवर्तन नल्याउने हुँदा तातो घामले शरीर भित्रको भाइरस मार्दैन र संक्रमण हुने खतरालाई पनि कम गर्दैन। यदि भाइरस शरीरको बाहिरी भागमै रहेको भए पनि कति डिग्री सेल्सियसको तापक्रममा वा कति आर्द्रतामा सो भाइरस मर्छ भन्ने कुरा हालसम्म प्रमाणित नभएको, अनि धेरै तातो र धेरै चिसो ठाउँहरुमा समेत उल्लेख्य संख्यामा उक्त भाइरसको संक्रमण देखिएको हुनाले तातो पानीले हातमुख धुँदा वा तातो घाम र चिसो हिउँमा बस्दैमा भाइरस मर्ने र भाइरसको संक्रमण नहुने होइन।

अतः तातो पानीले नुहाउँदा वा हात-मुख धुँदा भाइरस संक्रमण हुने खतरा कम हुन्छ वा भाइरस मर्छु भन्ने कुरा सत्य होइन। तातो पानीले शरीर बाहिरको भाइरस त मर्दैन भनेर यसरी भनिरहँदा तातो पानी पिएपछि शरीर भित्रको भाइरस मरिहाल्छ भन्ने सोचाइ यथार्थबाट टाढा छ भन्ने कुरा स्वतः प्रष्ट हुन्छ। यद्यपि प्रशस्तै पानी पिउनु तथा झोलिलो पदार्थहरु सेवन गर्नु चाहिँ हाम्रो शरीरको लागि फाइदाजनक नै हुन्छ। यसबाट हामीले के कुरा बुझ्न जरुरी छ भने अपरिहार्य वस्तु भनेको साबुन हो, तातोपानी होइन। साबुन लगाएर मिचीमिची हात धुने हो भने चिसो पानी प्रयोग गरे पनि हुन्छ। हात धुँदा साबुन प्रयोग नगर्ने हो भने तातोपानी मात्र प्रयोग गर्नुको कुनै औचित्य छैन। साबुन पानी र भाइरसको बोसोयुक्त बाहिरी पत्रको रासायनिक अन्तर्क्रिया एवं ह्याण्ड स्यानिटाइजरको अल्कोहलले भाइरसमाथि पार्ने रासायनिक असर बारेमा मैले यसअघिको लेखमा चर्चा गरिसकेको छु।

**३. अन्य अस्पष्टताहरू**

माथि उल्लेखित अस्पष्टताहरूबाहेक कोरोना भाइरससँग सम्बन्धित अन्य केही अस्पष्टताहरू पनि देखिने(सुनिने गर्छन्। जस्तो कि ह्याण्ड स्यानिटाइजरमा रहेको अल्कोहलले भाइरस मार्छ भने रक्सीको सेवनले पनि भाइरस मर्नुपर्ने हो जस्ता कुराहरु पनि नसुनिएका होइनन्, जुन पटक्कै तथ्यसंगत छैनन्। मदिरामा प्रयोग गरिने अल्कोहल इथाइल अल्कोहल हो। हातमा रहेको भाइरस मार्न ह्याण्ड स्यानिटाइजरमा कम्तीमा ६० प्रतिशत इथाइल अल्कोहल हुनुपर्छ। यसको मतलब १०० मिलिलिटरको घोलमा कम्तीमा ६० मिलिलिटर इथाइल अल्कोहल हुनुपर्छ र बाँकी (अर्थात, बढीमा ४० मिलिलिटर) पानी र अन्य रासायनिक पदार्थहरु हुनुपर्छ भन्ने हो। तर सो मात्राको अल्कोहल पनि हातमा रहेको भाइरस मार्न मात्र सहायक हुन्छ, शरीरभित्र पसिसकेको भाइरस मार्न होइन।

*(सौजयन्य स्वास्थ्य खबर)*

# कोरोना प्रतिकार्यमा कर्णाली सरकारको उचित कदम : शर्मा



सुर्खेत । नेपाल कम्युनिष्ट पार्टी कर्णाली प्रदेशका इञ्चार्ज जनार्दशन शर्माले कोभिड-१९ को प्रतिकार्य, रोकथाम तथा नियन्त्रणमा कर्णाली प्रदेश सरकारले राम्रो कदम चालेको बताउनुभएको छ । कर्णाली प्रदेशका मुख्यमन्त्री तथा मन्त्रीहरूसँग प्रदेश सरकारको कामकारवाही र कोरोना रोकथाम तथा नियन्त्रणका विषयमा आइतबार भएको भर्चुअल बैठकमा इञ्चार्ज शर्माले हालसम्म प्रदेश सरकारले सह्रानीय काम गरेको बताउनुभएको हो ।

पूर्वगृहमन्त्रीसमेत रहेका इञ्चार्ज शर्माले भन्नुभयो, "कोरोना प्रतिकार्यका लागि प्रदेश सरकारले राम्रोसँग पहलकदमी लिएको छ । चालु आवको बजेट स्वास्थ्य क्षेत्रको पूर्वाधार, सामग्री र उपचारमा मात्र परिचालन गर्न आग्रह गर्दछु ।" सरकारविरुद्ध प्रश्न नउठ्ने गरी पारदर्शी काम गर्न र कोरोनाका कारण आउन सक्ने विश्वव्यापी आर्थिक मन्दी, वैदेशिक रोजगारीमा रहेका नेपालीको स्वदेश फिर्तीलगायतले पार्न सक्ने जोखिमलाई ध्यान दिन एवं आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम र बजेट निर्माणमा हतारो नगर्न मुख्यमन्त्री शाहीलाई उहाँले सुभाव दिनुभयो ।

इञ्चार्ज शर्माले लकडाउनको उपयोग गर्दै कोरोनाविरुद्ध लड्न आन्तरिक तयारीलाई तीव्र बनाउन तथा लकडाउन खुलेपछि आइपर्ने सम्भावित चुनौतीको हल गर्ने गरी आगामी रणनीति तयार गर्न पनि सुझाउनुभयो । बैठकमा मुख्यमन्त्री महेन्द्रबहादुर शाहीसहित सबै मन्त्रीले कर्णाली प्रदेशमा कोभिड-१९ को रोकथाम तथा नियन्त्रणका लागि सरकारले गरेका कामकारवाहीबारे पार्टी नेतृत्वलाई जानकारी गराउनुभएको थियो ।

बैठकमा मुख्यमन्त्री शाही, आर्थिक मामिला तथा योजनामन्त्री प्रकाश ज्वाला, आन्तरिक मामिला तथा कानूनमन्त्री नरेश भण्डारी, सामाजिक विकासमन्त्री दल रावल, भूमि व्यवस्था, कृषि तथा सहकारीमन्त्री विमला केसी, उद्योग, पर्यटन, वन तथा वातावरणमन्त्री नन्दसिंह बुढा र नेकपा कर्णाली प्रदेशका सचिव मायाप्रसाद शर्मासहितको सहभागिता रहेको थियो ।रासस

# 'लकडाउन'लाई कडा पार्न निर्देशन

काठमाण्डु । 'लकडाउन'लाई थप कडा पार्न गृहमन्त्रालयले मातहतका निकायलाई निर्देशन दिएको छ ।

मन्त्रालयले सबै जिल्ला प्रशासन कार्यालयलाई सोमबार परिपत्र गर्दै पासविनाका कुनै पनि सवारी साधन आवतजावतमा रोक लगाउन निर्देशन दिएको गृह मन्त्रालयले जनाएको छ ।

बीचबाटोमा पुगेका र विचल्लीमा परेका मजदूर र सर्वसाधारणलाई उद्धारका लागि साँझको समयमा केही दिन सवारी सञ्चालनमा अनौपचारिकरुपमा खुकुलो गराइएकाले अधिकांशको उद्धार भइसकेको गृह मन्त्रालयको ठहर छ । त्यसैले मन्त्रालयले आजदेखि पासविनाका सबै प्रकारका सवारी साधन सञ्चालनमा रोक लगाउन भनेको हो ।

हुलमूलका साथ सवारी साधनमा यात्रा गर्दा कोभिड-१९ सङ्क्रमण भएर थप जटिलता निम्त्याउनसक्ने खतरालाई ध्यानमा राखेर उक्त निर्देशन दिइएको मन्त्रालयले जनाएको छ । लकडाउनलाई सरकारले वैशाख २५ गतेसम्म लम्ब्याएको छ । रासस

# कोरोनाविरुद्ध तीन तहका सरकारबीच समन्वय आवश्यक

पोखरा । गण्डकी प्रदेशको अर्थ तथा विकास समितिले कोभिड-१९ को रोकथाम तथा नियन्त्रणका लागि तीन तहका सरकारबीच सहकार्य र समन्वय हुनुपर्ने निष्कर्ष निकालेको छ । समितिले गण्डकी प्रदेशको बजार अनुगमन टोली एवं सरोकारवालासँग आइतबार गरेको छलफलमा समितिका सभापति दीपक कोइरालाले यसको रोकथाम र नियन्त्रणका लागि तीन तहका सरकारबीच अझै बढी समन्वय आवश्यक देखिएको बताउनुभयो ।

उहाँले बजार अनुगमन टोलीसँग प्रदेशको बजारको अवस्था, मूल्यवृद्धि लगायतमा भइरहेका प्रयास लगायतमा जानकारीसमेत लिनुभयो । अनुगमन टोलीका संयोजक गोकुल शर्मा पौडेलले गण्डकी प्रदेशमा वर्तमानमा कुनै पनि सामग्रीको अभाव नरहेको जानकारी गराउनुभयो ।सभापति कोइरालाले बन्दाबन्दीको अवधिमा कास्की, स्याङ्जा, पर्वत तनहुँलगायत जिल्लाका १०० भन्दा बढी ठाउँमा अनुगमन गरिएको उल्लेख गर्दै उहाँले आपूर्तिलाई सहज बनाउनेतर्फ जोड दिइएको बताउनुभयो ।रासस


## परोहा नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
### लौकाहा, रौतहट
प्रदेश नं.२

## सामान आपूर्तिको लागि बोलपत्र पेश गर्ने सम्बन्धि सूचना

**प्रथम पटक प्रकाशित मिति : २०७७/०१/१६**

प्रस्तुत विषयमा यस नगरपालिकाको विपद व्यवस्थापन समितिको निर्णयानुसार कोरोना भाईरसबाट संक्रमण (कोभिड १९) प्रभावित मजुदुर, श्रमिक, गरीब तथा आर्थिक रुपमा विपन्न किसानलाई राहत वित्तरण गर्नका लागि तपसिल अनुसारका समानहरु खरिद गर्नुपर्ने भएकोले यस सूचनामा उल्लेखित शर्तहरुको अधिनमा रही इजाजत प्राप्त इच्छुक फर्म, संस्था, कम्पनी, सरकारी सार्वजनिक संस्थानहरुबाट सप्लाई गर्न सर्वजनिक खरिद ऐन २०६३ को दफा ६६ र सार्वजनिक नियमावली २०६४ को नियम १४५ बमोजिम प्रति प्याकेज के कति दररेटमा (मु.अ.कर बाहेक) यस पालिकासम्म ढुवानी, प्याकिङ्ग, झोला थेलीको खर्च समेत सप्लाई गर्ने हो सोको बोलपत्र पेश गर्न यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ५ दिन भित्र पेश गर्न सार्वजनिक रुपमा राष्ट्रियस्तरमा आव्हान गरिएको छ ।

तपसिल

**सप्लाई गर्नु पर्ने सामान सम्बन्धि विवरण :-**

**प्रत्येक प्यकेजमा सामवेश हुने सामानहरुको विवरण :**

| सि.नं. | सामानको नाम | इकाई | परिमाण (क) | परिमाण (ख) | केफियत |
|---|---|---|---|---|---|
| १ | चामल (सोना मनसुली) | किलो | १५ | ३० | |
| २ | दाल (मसुरो) | किलो | २ | ३ | क्र.सं. २ देखि ५ सम्मको सामान एउटे थेलीमा प्याक गर्ने गरि । |
| ३ | खाने तेल (तोरी/सरसो) | लिटर | १ | १ | |
| ४ | नुन | किलो | १ | १ | |
| ५ | सोयाविन | ग्राम | ५०० | ५०० | |
| | **दुई किसिमको प्याकेज सप्लाई गनुपर्ने छ ।** | | | | |

**शर्तहरू :**

१) चालु आ.व.सम्मको नविकरण समेत रहेका कम्पनी र फर्म दर्ता प्रमाण पत्रको प्रतिलिपि, मु.अ.कर दर्ता प्रमाण पत्र आ.व. २०७५/०७६ सम्मको कर चुक्ताको प्रतिलिपि पेश गरी बोलपत्र फारम कागजातको दस्तुर रु ३०००/-(अक्षरेपी रु तीन हजार मात्र, पछि फिर्ता नहुने गरी) बुझाएको प्रतिलिपि पेश गरी बोलपत्र सम्बन्धि कागजात कार्यालयबाट यो सूचना प्रकाशन भएको मितिले पाँचो दिनसम्म कार्यालय समय भित्र खरिद गर्न सकिनेछ । प्रोप्राईटर स्वयम् उपस्थित हुन् नसकेमा निजको अधिकारीक मन्जुरनामा पत्र समेत पेश गर्नुपर्नेछ ।

२) बोलपत्र साथ रु १४००००|- (अक्षरेपी एक लाख चालीस हजार रुपैया मात्र) जमानत रकम नघटाई उक्त रकम प्रभु बैंक लोकाहा ब्रान्चको धरोटी खात्ता नं. १७५००२०११३६६४३००००४ र यस कार्यालयको राजश्व शाखामा नगद जम्मा गरेको सक्कल भौचर वा सो सरहको ९० दिनको मान्य अवधि रहने गरी यस कार्यालयको नाममा जारी भएको नेपाल सरकारबाट इजाजत प्राप्त "क" वर्गको वाणिज्य बैंक जमानत (बैंक ग्यारेन्टी) वा नगद पेश गर्नु पर्ने छ ।

३. रित्तपुर्वक बोलपत्र प्रथम पटक सूचना प्रकाशित मितिले ५ (पाँच) दिन कार्यालय समय भित्रमा खरिद गरी, रितपूर्वक भरिएको सिलबन्दी बोलपत्र छैठो दिनको १२:०० बजेसम्म यस कार्यालयमा दर्ता गरि सक्नुपर्ने छ । साथै सोही दिनको २:०० बजे बोलपत्र खोलिनेछ, बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।

४) बोलपत्रको मान्य अवधि ९० (नब्बे) दिनको हुनेछ ।

५) बोलपत्र दाताले कबोल गरेका प्रति प्याकेज दररेट कर सहितको दर रेट अंक र अक्षर दुवैमा र नेपाली मुद्रामा प्रष्ट रुपमा लेखिएको हुनुपर्ने छ । अंक र अक्षर फरक परेमा अक्षरलाई मान्यता दिइनेछ । साथै कुल कबोल इकाई दर रकम इकाई दर अनुसार नमिलेको पाइएमा इकाई दरलाई मान्यता दिईनेछ । केरमेट भएको ठाउँमा दस्तखत गरेको हुनुपर्ने छ ।

६) बोलपत्र दाखिला गर्दा सिलबन्दी खामको बाहिर यस कार्यालयको नाम, ठेक्का नं., कामको विवरण, बोलपत्र दाताको नाम ठेगाना, ईमेल, मोबाईल नं. समेत स्पष्ट रुपमा खुलाउनु पर्ने छ ।

७) एक फर्मको नामबाट खरिद भएको बोलपत्र अर्को फर्म कम्पनीको नामबाट दर्ता गर्न पाउने छेन । रित नपुगी, शर्त नपुगी, शर्त राखी वा म्याद नाघी आएको बोलपत्र माथि कारवाही हुने छेन ।

८) बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने अधिकार यस कार्यालयमा निहित रहने छ ।

९) बोलपत्र स्वीकृत भई सम्झौता हुने बोलपत्रदाता/सप्लायर्सले सम्झौता रकमको ५% ले हुन आउने वा नियमानुसार कार्यालयले तोकेको रकमको "क" वर्गको बेंक जमानत बोलपत्र पत्र स्वीकृत भएको मितिले दुई दिन भित्र पेश गरी सक्नुपर्ने छ, अन्यथा त्यसपछि क्रमश प्राथमिकता क्रम अनुसारको सप्लायर्ससँग सम्झौता गरिने छ ।

१०) स्वीकृत भएको बोलपत्रको सप्लायर्सले आफ्नो खर्चमा चामलको बोरा बाहेक अन्य सामानहरुलाई एउटे थेलीमा राखी दिनुपर्ने छ ।

११) खाद्यान गुणस्तरयुक्त हुनुपर्नेछ सो नभएमा सोको भुक्तानी हुने छेन ।

१२) सम्झौता भएको मितिले ५ दिनभित्र सम्बन्धीत सप्लायर्सले कार्यालयमा समान पुर्‍याई सक्नु पर्नेछ ।

१३) कर लाग्ने सामानको कर, ढुवानी, थेली, प्याकिङ्ग खर्च समेतको रकम सप्लायर्सले बोलपत्रमे समावेश गरि पेश गर्नु पर्ने हुनाले प्रस्तावित प्रति प्याकेज दर रेटमा नियमानुसार लाग्ने मु.अ.कर बाहेक अन्य कुने रकम दाबी गर्न पाउने छेन ।

१४) प्रचलित ऐन बमोजिम कालो सूचीमा नपरेको खरिद कारवाहीमा भाग लिन आफूले सजाय नपाएको भनि लिखित रुपमा गरेको घोषणापत्र बोलपत्र साथ पेश गर्नु पर्नेछ ।

१५) यो खरिद कारवाही कार्यालयले चाहेमा जुन सुकै समयमा रद्द गर्न सक्नेछ । यसरी रद्द भएकोमा सप्लायर्सले फिर्ता पाउने जमानत रकम बाहेक अन्य कुने रकम फिर्ता हुने छेन ।

१६) थप जानकारीको लागि कार्यालय समय भित्र कार्यालयमा सम्पर्क राख्नु हुनु वा कार्यालयको सम्पर्क नं. ९८५५०४४०२३ मा सम्पर्क गर्नु हुन जानकारी गराईन्छ साथै यो सूचना यस कार्यालयको वेवसाईट www.parohamun.gov.np मा हेर्न सकिने छ ।

१७) यो सूचनासँग सम्बन्धित कामले कार्यालयमा आउँदा वा समान सप्लाई र ढुवानी गर्दा नेपाल सरकारले कोरोना भाईरस महामारीबाट बाच्न अपनाउँनु पर्ने तोकेको सावधानीका उपायहरु अनिवार्य रुपमा अवलम्बन हुनु पर्नेछ ।

१८) सूचनामा उल्लेख नभएको कुराको हकमा सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ बमोजिम हुने छ ।

१९) नेपाल सरकारका सार्वजनिक संस्थाहरुले बोलपत्र सम्बन्धित प्रस्ताव पेश गर्दा प्रचलित कानुन तथा उक्त प्रस्ताव पेश गर्ने संस्थानको ऐन नियम निर्देशिका समेतको आधारमा खरिद गर्ने छ ।

२०) आपूर्ति गर्नुपर्ने समान परिमाण क र परिमाण ख मा बजेटको हिसाबले थप घट हुन सक्ने ।

२१) अन्य कुराहरु प्रचलित कानुन बमोजिम हुनेछ ।

**प्रमुख प्रशाकीय अधिकृत**


# कोरोनाको सफल उपचारले ल्याएको खुशीको सीमा छैन : डा पोखरेल

चिप्लेढुङ्गा । "कहिलेकाहीँ लाग्छ चिकित्सक पेशा जस कम र अपजस बढी हुने पेशा हो । सन्तुष्टिका पल भेटिन्छन् । पेशाप्रति जिम्मेवार भएर लागिरहँदा जुन सफलता मिल्छ त्यसले अपजसमा अल्झिन दिदैंन ।" यी अनुभूति धौलागिरि अञ्चल अस्पतालका मेडिकल सुपरिटेन्ट डा शैलेन्द्र पोखरेलका हुन् । चिकित्सक पेशाको १५ वर्षीय दौडानमा उहाँले धेरैपल्ट हर्ष र विस्मातका परिवेशसँग ठोकिनुपरेको छ । बिरामीको उपचारमा मिल्ने सफलताले दिलाएको हर्ष र उपचार सम्भव नहुँदा आँखा अगाडि बिरामीले संसार छोडेका धेरै घटनाले उहाँलाई दुःखी बनाएको छ ।

उहाँलाई पछिल्लो पटकको मिलेको सन्तुष्टि भनेको कोराना सङ्क्रमित अंशु र मनकुमारीलाई निको बनाएर घर फर्काउँदाको हो । उहाँले भन्नुभयो,"चिकित्सक पेशा नै यस्तो हो जहाँ बिरामीलाई निको बनाएर जीवन दिनु र उहाँका परिवारमा खुशी दिनुसँग जोडिन्छ, त्यहीभित्रको आनन्दले पेशाप्रति सधैं गर्व लाग्छ, पछिल्लो समय कोरोना भाइरसबाट बागलुङमा पनि दुई सङ्क्रमित देखिए, पर्याप्ति पूर्वाधारविना नै उहाँहरूलाई भर्ना गरेर सफल उपचारपछि घर फर्काउन सफल हुँदाको पलले सन्तुष्ट मिलेको छ ।"

डा पोखरेलले त्यो क्षण सम्झदै भन्नुभयो, "चैत १५ गते बागलुङ नगरपालिका वडा नं ४ कि अंशुको स्वाबको परीक्षण पोजेटिभ आयो । धौलागिरि अस्पताल कोरोनाको 'डेडिकेटेट' अस्पताल थिएन, आवश्यक उपकरण पनि थिएन, सबैभन्दा पहिले आवश्यक पिपिई पनि हामीसँग थिएन, एकछिन त के गरौं, कसो गरौं भयो । प्रमुख जिल्ला अधिकारीलगायतसँग बैठक बस्यौं, पोखरा, काठमाडौंका चिकित्सकसँग सल्लाह पनि गर्‍यौं, उहाँहरूले सकेसम्म उत्तै उपचार गरे हुन्थ्यो भन्ने आशय व्यक्त गर्नुभयो । धेरै नै ढिला हुने जस्तो भएपछि मैले बागलुङमै भर्ना गर्ने निर्णय गरें, जोखिम मोलेर जुन कदम चालियो अन्ततः सफल भयो", उहाँले भन्नुभयो, "तत्कालको निर्णयले पनि सबै राम्रो भयो, बागलुङ जिल्ला अहिले ग्रिन जोनमा पर्न सफल भएकामा खुशी लागेको छ ।" उहाँले अंशु भर्नापछि मात्र प्रदेश सरकार र सङ्घीय सरकारबाट पिपिई आएको जानकारी दिनुभयो । "हामीसँग पिपिईसमेत थिएन, स्थानीय स्रोत साधनको उपयोग गरेर बनाएका केही थान पिपिई थिए तर कोरोनाको लागि भरपर्दो थिएनन् । अंशुको अस्पतालको आइसोलेशन उपचाररत रहिरहँदा बागलुङकै ६५ वर्षीय महिलामा पनि सङ्क्रमण देखियो, उहाँलाई पनि हामीले अस्पतालमा भर्ना गर्‍यौं, दैनिक डाक्टर, नर्स र सहयोगीले उहाँहरूको स्वास्थ्य निगरानीमा खटिनुभयो ।" डा पोखरेलले भन्नुभयो, "यो सफलतामा डा प्रदीप श्रेष्ठ, डा मछिन्द्र लामिछाने, डा पुजन बल्ल, डा मिलन श्रेष्ठ, डा दीपक मगराँतीलगायत अन्य डाक्टर, नर्स र सहयोगी सबैको उत्तिकै योगदान छ ।"

> *चिकित्सक पोखरेलले रोग प्रतिरोधात्मक क्षमताकै कारण एकको छिटो र अर्कोको ढिलो नेगेटिभ रिपोर्ट आएको जानकारी दिनुभयो । "रोग प्रतिरोधात्मक क्षमताले नतिजा एकको छिटो र अर्को को ढिला आएको हो, उहाँहरूलाई हामीले अझै पनि होम आइसोलेशनमा बस्न आग्रह गरेका छौं । धेरैले पुनःसङ्क्रमण हुने, नहुनेबारेमा जिज्ञासा पनि राख्नुभएको छ, पूर्णरुपमा हामीले सङ्क्रमण हुँदैन भन्न त सक्दैनौं, तर हुने सम्भावनका निकै न्यून हुन्छ ।"उहाँले भन्नुभयो । धौलागिरि अस्पतालमा अहिले भेन्टिलेटरसहित सघन उपचार कक्षको काम पनि अघि बढेकाले अब अन्य बिरामीका लागि पनि विशेष सेवा दिन सक्षम रहेको जनाइएको छ ।*

उपचारका क्रममा अंशुमा त्यस्तो स्वास्थ्य समस्या नदेखिएको तर मनकुमारीले भने नियमित दमको औषधि सेवन गर्दै आउनुभएको र अस्पताल आएपछि उच्च रक्तचापको समस्या देखिएको बताउनुभयो । "उहाँले शुरुमा रक्तचापको औषधि खान मान्नुभएन, हामीले विशेष अनुरोध गरेर सम्झाएपछि बल्ला औषधि सेवन गर्नुभयो र विस्तारै उहाँको अवस्था सामान्य हुँदै आयो ।" उपचारमा मनोचिकित्सक धीरेन्द्र पौडेलको भूमिका पनि महत्वपूर्ण रहेको स्मरण गर्नुभयो । "मनोपरामर्शबाट पनि उहाँहरूको आत्मबल बढाउन सक्रिय रह्यौं चिकित्सक एवं स्वास्थ्यकर्मीको आग्रहलाई उहाँहरूले पनि पूर्ण पालना गर्नुभयो । यसले हामीलाई पनि सहज बनायो र उहाँहरूको स्वास्थ्यलाभ हुँदै गयो ।" "चैत १५ गते भर्ना गरिएकी अंशुभन्दा चैत २० गते भर्ना हुनुभएको मनकुमारी १७ दिनमा कोरोना नेगेटिभ आयो तर अंशुमा पोजेटिभ देखियो यसले अंशुमा असर पर्छ कि भनेर हामीले विशेष सतर्कता अपनाएर, मनोचिकित्सकसहितको टोली मनोपरामर्शमा जुट्यौं ।" अन्ततः पाँचौं पटकमा नेगेटिभ आयो र छैठौं पटक पनि नेगेटिभ आएपछि उहाँ पनि घर जानुभयो ।

चिकित्सक पोखरेलले रोग प्रतिरोधात्मक क्षमताकै कारण एकको छिटो र अर्कोको ढिलो नेगेटिभ रिपोर्ट आएको जानकारी दिनुभयो ।

"रोग प्रतिरोधात्मक क्षमताले नतिजा एकको छिटो र अर्को को ढिला आएको हो, उहाँहरूलाई हामीले अझै पनि होम आइसोलेशनमा बस्न आग्रह गरेका छौं । धेरैले पुनःसङ्क्रमण हुने, नहुनेबारेमा जिज्ञासा पनि राख्नुभएको छ, पूर्णरुपमा हामीले सङ्क्रमण हुँदैन भन्न त सक्दैनौं, तर हुने सम्भावनका निकै न्यून हुन्छ ।"उहाँले भन्नुभयो ।

धौलागिरि अस्पतालमा अहिले भेन्टिलेटरसहित सघन उपचार कक्षको काम पनि अघि बढेकाले अब अन्य बिरामीका लागि पनि विशेष सेवा दिन सक्षम रहेको जनाइएको छ । गण्डकी प्रदेशका मुख्यमन्त्री पृथ्वीसुब्बा गुरुङले धौलागिरि अस्पतालका मेसु गोरखा दक्षिण बाहुको दाबेदार भएको बताउनुभएको छ । उहाँले पोखराका पत्रकारसँगको कुराकानीमा भन्नुभयो, "बागलुङमा कोरोना सङ्क्रमण देखिएपछि मै हुँ भन्ने डाक्टर पनि डराए तर, धौलागिरि अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा शैलेन्द्र पोखरेलले भने बागलुङमै भर्ना गरेर उपचार गर्छु", उहाँले भन्नुभयो, "बागलुङका डाक्टर, नर्स विशेष धन्यवादको पात्र हुनुहुन्छ, डा शैलेन्द्र, प्रदीप श्रेष्ठ, नर्स दिदीबहिनी र चिकित्सक सबैलाई म धन्यवाद दिन चाहन्छु, उहाँहरूले आँट देखाउनुभयो र उपचार सम्भव भयो ।"

उहाँले प्रशन्न हुँदै भन्नुभयो, "अहिले गोदबा (गोरखा दक्षिण बाहु) पाउने स्थिति भएको भए त गोदबा प्रथम पाउने डा पोखरेल हुनुहुन्छ । " मुख्यमन्त्री गुरुङले बागलुङका दुई सङ्क्रमित निको भएपछि गण्डकी प्रदेश तत्काल कोरोनाको रेड जोनबाट ग्रिन जोनमा पुगेको तर अझै सतर्कता भने आवश्यक रहेकामा जोड दिनुभयो ।रासस

# प्रदेश सरकारको कोरोना रोकथाम कार्ययोजना

धनगढी । सुदूरपश्चिम प्रदेश सरकारको कोरोना भाइरस संकट व्यवस्थापन केन्द्रको बैठकले कोरोना भाइरस रोग नियन्त्रण तथा व्यवस्थापनसम्बन्धी कार्ययोजना२०७७ पारित गरेको छ । प्रदेशका मुख्यमन्त्री एवं केन्द्रका संयोजक त्रिलोचन भट्टको अध्यक्षतामा शनिबार सम्पन्ने बैठकले पारित गरेको कार्ययोजना सम्बन्धित निकायमा पठाई त्यसको प्रगति प्रतिवेदन समेत मगाउने निर्णय गरिएको छ ।

बैठकले बाहिरबाट प्रदेशमा प्रवेश गर्ने नागरिकलाई जिल्ला प्रशासन कार्यालयले सम्बन्धित स्थानीय तहसँग समन्वय गरी स्वास्थ्य सेवा निर्देशनालयले बनाएको मार्गदर्शन बमोजिम क्वारेन्टाइनमा राख्ने व्यवस्था मिलाउने, गड्डा चौकी र त्रिनगर भन्सार सीमा नाका हुँदै भित्रिने मालबाहक र प्रदेशभित्र चल्ने बस र सवारी साधनमा नियमित रुपमा स्यानिटाइजको व्यवस्था मिलाउने, कोरोनाको परीक्षण प्रयोगशालामा देखिएको जनशक्तिको अभाव पूर्तिका लागि नेपाल सरकारलाई अनुरोध गर्ने निर्णय समेत गरेको छ । केन्द्रको बैठकले आगामी दिनमा सिर्जना हुन सक्ने खाद्यान्नको अभावलाई मध्यनजर गरी प्रदेशमा उत्पादन भएको खाद्यान्न निर्यात हुन नदिनका लागि पहल गर्ने निर्णय पनि गरेको छ ।

सुदूरपश्चिम प्रदेशमा कोरोना भाइरस सङ्क्रमणको दर पछिल्ला दिनमा स्थिर अवस्थामा छ । कोरोना सङ्क्रमित भएको पुष्टि भई सेती प्रादेशिक अस्पतालमा उपचाररत पाँच जना मध्ये चार जना निको भई डिस्चार्ज हुनुभएको छ । उपचाररत एक जनाको स्वास्थ्य अवस्था सामान्य रहेको अस्पतालका सूचना अधिकारी दिलिप श्रेष्ठले बताउनुभयो ।रासस

## भारतमा 'कोभिड-१९' संक्रमितको संख्या २६ हजार १०० नाघ्यो

एएफपी

नयाँ दिल्ली। भारतमा गएको २४ घन्टायता एक हजार ९७५ कोरोना भाइरसका नयाँ संक्रमित थपिएका सोमबार जनाइएको छ।

सोमबार बिहानको तथ्यांकअनुसार भारतमा 'कोभिड १९' का संक्रमितहरूको संख्या २६ हजार ९१७ जना पुगेको स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले जनाएको छ।

भारतमा देखिएका संक्रमितहरूमध्ये ५ हजार ९१३ जना भने उपचारपछि निको भएर फर्किएका छन्। मन्त्रालयले दिएको जानकारीअनुसार हाल यहाँ २० हजार १७७ कोरोनाका संक्रमित विरामी अस्पतालमा उपचाररत रहेका छन्।

कोरोना भाइरसको अत्यधिक संक्रमणको कारण सार्वजनिक यातायात, विद्यालय, कलेज र शपिंग मललगायत सबै सेवाहरू बन्द गरिएको छ। पछिल्ला केही दिनहरूमा केन्द्रीय सरकारले बिस्तारै बन्देजहरू सहज गरिरहेको छ। भारतमा संत्रमण बढदै गएपछि सरकारले कोरोना भाइरस (कोभिड-१९) को संक्रमण रोक्नको बन्दाबन्दी (लकडाउन) लाई आगामी मे महिनाको ३ तारिखसम्म लम्ब्याएको घोषणा गरेको छ।

# उत्तर कोरियाली नेता किम जीवितै हुनुहुन्छ - सोल

एएफपी

सोल। उत्तर कोरियाली नेता किम जोङ उन स्वस्थ र जीवितै रहेको दक्षिण कोरियाका एकजना इनले सोमबार सो जानकारी दिनुभएको हो। उहाँले भन्नुभएको छ, "हाम्रो सरकारको सूचना बलियो छ, उहाँ स्वस्थ र जीवितै हुनुहुन्छ।



उच्च सुरक्षा सल्लाहकारले जानकारी दिएका छन्।

पछिल्ला केही दिनयता उत्तर कोरियाली नेता किम गम्भीर रूपमा बिरामी रहेको अथवा कतिपयले त उहाँको निधन भएको भन्नेजस्ता समाचार नै सार्वजनिक गरेको अवस्थामा ती सैन्य अधिकारीले सो कुरा स्पष्ट गरेका हुन्।

दक्षिण कोरियाका राष्ट्रपति मुन जाय इनका प्रमुख सुरक्षा सल्लाहकार मुन चुन उहाँले अमेरिकी टेलिभिजन सिएनएनसँगको अन्तर्वार्ताका क्रममा सो जानकारी गराउनुभएको हो। उत्तर कोरियाली नेता किम त्यहाँको पूर्वी भू-भागमा रहेको वानसन रिसोर्टमा अप्रिल १३ देखि बसेको जानकारी दक्षिण कोरियाली सरकारले पाएको जानकरी उहाँले सो टिभीलाई बताउनुभयो।

यही अप्रिल १५ मा उत्तर कोरियाको एक महत्वपूर्ण कार्यक्रममा उहाँको उपस्थिति नदेखेपछि विभिन्न देशका मिडिया तथा व्यक्तिले केहीले उहाँ गम्भीर बिरामी रहेको त केहीले उहाँको निधन नै भइसकेको समाचार बाहिर ल्याएका थिए।

त्यसदिन नेता किमका हजुरबुबा किम इल सुङको जन्मदिनको अवसरमा उत्तर कोरियामा विशेष कार्यक्रमको आयोजना गरिएको थियो। किम इल सुङ उत्तर कोरियाका संस्थापक हुनुहुन्थ्यो।

गएको सोमबार दक्षिण कोरियाकै एक दैनिक पत्रिकाले नेता किमको अप्रिल १२ मा मुटुको शल्यक्रिया गरिएको र त्यसपछि उहाँको स्वास्थ्य अवस्था गम्भीर रहेको बताएको थियो।

पछि सो पत्रिकाले उत्तर कोरियाको गोप्य स्रोतलाई उद्धृत गर्दै उहाँको स्वास्थ्यमा सुधार हुँदै गएको उल्लेख गरेको थियो।

तर पनि उत्तर कोरियाको सरकारी सञ्चारमाध्यमले भने किमको स्वास्थ्य अवस्था र उहाँ कहाँ हुनुहुन्छ भन्ने बारे केही जानकारी दिएको छैन। किम केही समयदेखि सार्वजनिक रूपमा कार्यक्रमहरूमा देखिनुभएको छैन।

अमेरिकी सञ्चारमाध्यम सिएनएनले पनि गुप्तचर निकायको स्रोतलाई उद्धृत गर्दै शल्यक्रियापछि किमको स्वास्थ्य अवस्था अति गम्भीर रहेको बताएको थियो। तर दक्षिण कोरियाका दुई अधिकारीले सो कुराको सोही समयमा खण्डन गरेका थिए।

# बेइजिङ र सांघाइका विद्यालय खुले

एएफपी

बेइजिङ। सांघाई र बेइजिङका विद्यालयहरू सोमबारदेखि खुलेका छन्। सोमबार यी शहरका दशौं हजार विद्यार्थी विद्यालय गएका छन्। महिनौंको बन्दपछि आज पहिलो पटक बेइजिङ र सांघाइका विद्यालयहरू खुलेको समाचारमा जनाइएको छ।

कोरोना भाइरसको महामारीका कारण यी शहरका विद्यालयहरू पनि बन्द गरिएको थियो। बेइजिङ र सांघाइसँगै चीनका प्रमुख शहरका विद्यालयहरू बन्द गरिएको थियो।

चीनमा कोरोना भाइरसको उत्पत्ति भएपछि त्यहाँ लामो समयसम्म लकडाउन गरिएको थियो। यही लकडाउनका कारण यहाँका अरु कार्यालिहरूका साथै विद्यालय तथा विश्वविद्यालयहरू पनि बन्द गरिएको थियो।

तर अहिले पनि त्यहाँ यसको संक्रमणको उच्च सतर्कता अपनाइएको छ। यही



उच्च सतर्कताका साथ चीनमा व्यावसाय तथा कार्यालयहरू विस्तारै खुला गर्न थालिएको छ।

यसैअनुसार आज सोमबारदेखि चीनका प्रमुख यी दुई शहर बेइजिङ र सांघाइमा पनि विद्यालय खुला गरिएको समाचारमा जनाइएको छ। लामो समयपछि खुला भएर विद्यालय जान पाएकोमा यी शहरका बालबालिका निकै खुशी देखिएका त्यहाँबाट प्राप्त समाचारमा जनाइएको छ। चीनको वुहान शहरमा गत डिसेम्बरको अन्तिम हप्तादेखि देखा परेको कोरोना भाइरसको प्रकोपले सबैभन्दा पहिला चीनलाई बढी प्रभाव पारेको थियो।

यस संक्रमणबाट चीनमा ४ हजार भन्दा बढी मानिसको ज्यान गएको बताइएको छ। चीनमा यो महामारीको प्रकोप नियन्त्रणमा आएपछि अब यहाँको जनजीवन विस्तारै सामान्यतर्फ फर्किएको यहाँका सञ्चारमाध्यमले बताइएका छन्।

# जापान भ्रमणमा थप १४ राष्ट्रका नागरिकमाथि प्रतिबन्ध

एएफपी

टोकियो। जापानका प्रधानमन्त्री शिन्जो आबेले रसिया,



पेरु र साउदी अरेबिया समेतका थप १४ राष्ट्रका नागरिकलाई आफ्नो देशभित्र प्रवेशमा कडाई गर्ने सोमबार घोषणा गर्नु भएको छ। प्रतिबन्ध घोषणा गरिएका मुलुकमा कोरोनाभाइरसको संक्रमण फैलिएपछि प्रतिबन्ध लगाउनु परेको प्रधानमन्त्री आबेले बताउनुभयो।

जापानले यसअघि नै ७० मुलुकका नागरिकलाई जापान प्रवेशमा प्रतिबन्ध लगाइसकेको छ। प्रधानमन्त्री आबेले सरकारको पछिल्लो घोषणा यही बुधबारदेखि लागू हुने जानकारी दिनुभयो।

जापानले यसअघि घोषणा गरिएका मुलुकमाथि लागेको प्रतिबन्ध यही अप्रिल ३० मा सकिँदैछ तर उक्त मितिलाई पनि आगामी मे महिनाको अन्त्यसम्म बढाइएको छ।

जापानमा आगामी मे ६ सम्मका लागि आपतकालीन स्थितिको घोषणा गरिएको छ। सरकारी अधिकारीहरू र विज्ञहरूले कोरोना संक्रमण रोकथामका लागि हाल अपनाइएका उपायहरू सफल रहे वा नरहेको बारेमा सूक्ष्म विश्लेषण गरिरहेका छन्।

जापानको स्वास्थ्य मन्त्रालयका अनुसार जापानमा हासलम्म १३ हजार ३८५ जना संक्रमित भएका छन् भने ३६४ जनाको मृत्यु भएको छ।

# रूसले जुलाई १ सम्म खाद्यान्न निर्यातलाई बन्द गर्ने

एएफपी

मस्को। विश्वको सबैभन्दा बढी गहुँ निर्यात गर्ने मुलुक रूसले अन्नजन्य सामानको निर्यातलाई आगामी जुलाई १ गतेसम्म बन्द गर्ने निर्णय आइतबार सार्वजनिक गरेको छ।

रूसबाट निर्यात हुने गहुँ, मकै र जौजस्ता खाद्यान्न वालीको उत्पादनलाई देशबाहिर नपठाउने निर्णय भएको रूसी कृषि मन्त्रालयले जानकारी दिएको छ।

अप्रिलको शुरूमा रूसी सरकारले जुनको अन्त्यसम्मका लागि यहाँबाट निर्यात हुने खाद्यान्न वालीको हिस्सा छुट्याएको थियो। उक्त निर्णय 'पूर्णतया कार्यान्वयन' हुनेछ। निश्चित कोटा अन्तर्गत आपूर्ति हुने गहुँ, जौ, मकै तथा कोदोजस्ता अन्य खाद्यान्न उत्पादनलाई 'यूरेसियन इकोनोमिक यूनियन' बाहेकका मुलुकमा सन् २०२० को जुलाई १ सम्मका लागि रोक लगाइएको छ, मन्त्रालयद्वारा जारी विज्ञप्तिमा भनिएको छ। यूनियन समूह अन्तर्गत अर्मेनिया, बेलारूस, कजाकिस्तान, किर्गीजिस्तान र रूस पर्छन्। सामानको आयात तथा निर्यातको अनुगमनकारी अन्तर्राष्ट्रिय संस्था विश्व व्यापार संगठनले खाद्यान्न उत्पादन आपूर्ति वा निर्यातमा रोक लगाउँदा विश्वव्यापी खाद्यान्न आपूर्ति प्रणालीमा प्रभाव पर्ने भन्दै यस प्रकारका रोक नलगाउन चेतावनी दिएको छ।

विश्वव्यापी प्रकोपका रूपमा फैलिएको कोरोनाभाइरसको सङ्क्रमणका कारण विश्वको खाद्यान्न बजारमा कमी हुने सङ्केतलाई देखाउँदै रूसलाई नियमित आपूर्तिका लागि अनुरोध गरिएको संगठनले जनाएको छ। मस्कोले भने अन्तर्राष्ट्रिय बजारलाई स्थिर बनाउन वा प्रभावित नपार्ने गरी यस पहिले नै आपूर्तिको यथोचित भाग निर्धारण गरिएको जनाएको छ।

मस्कोले आइतबारको विज्ञप्तिमा कोरोनाभाइरसको सन्दर्भलाई भने उल्लेख गरेको छैन।

# समुदायमा कोभिड-१९ सङ्क्रमण नभएको न्यूजील्यान्डको दाबी

बीबीसी

लण्डन। न्यूजील्यान्डले समुदायमा हुने स्थानीय सङ्क्रमण रोकेको बताउँदै कोरोनाभाइरसलाई निर्मूल पारेको सामाजिक प्रतिबन्धहरू हटाउनु केही घण्टा अगाडि यो घोषणा भएको हो।

मङ्गलवारबाट स्वास्थ्य सेवा, शिक्षा र अन्य व्यवसायहरू सुचारू



बताएको छ।

केही दिनसम्म दैनिक नयाँ सङ्क्रमितको संख्या एक अङ्कमा मात्रै बढेपछि प्रधानमन्त्री जसिन्डा आर्डनले भाइरस अहिले निर्मूल भएको बताएकी छन्।

तर अधिकारीहरूले यो घोषणाबाट उत्साहित नहुन चेतावनी दिँदै यसको अर्थ नयाँ कोरोनाभाइरस सङ्क्रमण अन्त्य भएको अर्थ ननिकाल्न भनेका छन्।

न्यूजील्यान्डले कडा खाले हुने गरी प्रतिबन्ध हटाइएको हो। धेरै मानिसहरू अझै पनि घरमै बस्नुपर्ने र सामाजिक जमघट गर्न नहुने नियमहरू भने कायम छ।

"हामी अर्थतन्त्रलाई खोल्देछौं तर मानिसको सामाजिक जीवन खोल्दै छैनौं," सरकारको नियमित पत्रकार सम्मेलनमा आर्डनले भनिन्। न्यूजील्यान्डमा १,५०० जनाभन्दा कमलाई सङ्क्रमण छ भने १९ जनाको मात्रै मृत्यु भएको छ।

न्यूजील्यान्डका स्वास्थ्य महानिर्देशक एस्ले ब्लूमफिल्डले हालैका दिनमा भएका कम सङ्क्रमणले 'निर्मूल पार्ने लक्ष्य प्राप्त गरेको विश्वास गर्ने' आधार बनेको बताए।

तर उनले यसको अर्थ नयाँ सङ्क्रमण नै नहुने लगाउन नहुने बताउँदै 'यसको अर्थ नयाँ सङ्क्रमण कहाँबाट आइरहेका भने थाहा हुने अवस्था बनाएको' बताए।

आर्डनले न्यूजील्यान्डमा परीक्षण नभएको ठूलो संख्याको समुदायमा सङ्क्रमण नभएको बताउँदै यो युद्ध जितेको बताइन्। प्रधानमन्त्री जसिन्डा आर्डनले भाइरस अहिले निर्मूल भएको बताएकी छन्।

तर उनले यही अवस्था राखिरहन देश सावधान अवस्थामा रहनुपर्ने बताइन्। न्यूजील्यान्डले केही दर्जन सङ्क्रमण मात्रै हुँदा कडा प्रतिबन्धहरू लागु गरेको थियो। महामारीको रूप लिनु अगाडि नै न्यूजील्यान्डले सीमा नाकाहरू बन्द गरेर वृहत् परीक्षण शुरू गरेको थियो। आर्डनले त्यति नगरेको भए आफ्नो देशमा दैनिक १,००० नयाँ सङ्क्रमणको अवस्था आइपर्ने थियो भनेकी छन्।

# विश्वभर दुई लाख सात हजार बढीको मृत्यु, ९ लाख निको भएर घर फर्किए

एएफपी

जेनेभा। महामारीको रूपमा फैलिएको कोरोनाभाइरसबाट विश्वभर दुई लाख सात हजारभन्दा बढी मानिसको मृत्यु भएको छ भने झण्डै ३० लाख मानिस संक्रमित भएका छन्।

जोन्स हप्किन्स विश्वविद्यालयका अनुसार नेपाली समयअनुसार सोमबार मध्यान्हसम्ममा संयुक्तराज्य अमेरिकामा २४ घण्टाको अवधिमा मृतकको संख्यामा अघिल्ला दिनको तुलनामा केही कमी आएको छ। विश्वविद्यालयका अनुसार २४ घण्टाको अवधिमा १ हजार ३३० जनाको मृत्यु भएको छ।

यो सहित अमेरिकामा विश्वमै सबैभन्दा बढी ५५ हजार ४१५ जनाको मृत्यु भएको छ भने युरोपेली मुलुकहरूमा मृतकको संख्या १ लाख २२ हजारको हाराहारीमा पुगेको छ।

कोरोनाभाइरस सम्बन्धी तथ्याँक उपलब्ध गराउँदै आएको वर्ल्डओमिटर्स डट इन्फोका अनुसार हालसम्म विश्वभर ८ लाख ८१ हजार ५६१ जना उपचारपछि घर फर्किएका छन्। अझै पनि ५७ हजार ६१३ जनाको स्वास्थ्य अवस्था निकै नाजूक अवस्थामा रहेको छ। हाल संक्रमित कूल संक्रमित १९ लाखमध्ये करिब १८ लाख ५० हजार अर्थात् झण्डै ९७ प्रतिशतको स्वास्थ्य अवस्था सामान्य रहेको छ।

युरोपेली मुलुकहरूमध्ये इटालीमा २६ हजार ६४४ जना, स्पेनमा २३ हजार १९० जना, फ्रान्समा २२ हजार ८५६, बेलायतमा २० हजार ७३२ जना, बेल्जियममा ७ हजार ९४ जना, जर्मनीमा ५ हजार ९७६ जना, नेदरल्यान्ड्समा ४ हजार ४७५ जना, स्वीडेनमा २ हजार १९४ जना, स्वीट्जरल्यान्डमा १ हजार ६६० जना, आयरल्यान्डमा १ हजार ८७, पोर्चुगलमा ९०३ जना तथा रसियामा ७४७ जनाको मृत्यु भएको छ।

यसैगरी, इरानमा ५ हजार ७१० जना, चीनमा ४ हजार ६३३ जना, ब्राजिलमा ४ हजार २८६ जना, टर्कीमा २ हजार ८०५ जना, क्यानाडामा २ हजार ५६० जना, मेक्सिकोमा १ हजार ३५१ जना, भारतमा ८८४, इन्डोनेसियामा ७४३ जना, इक्वेडरमा ५७६ जनाको मृत्यु भएको छ।

## विश्व स्वास्थ्य सङ्गठनको आलोचना गलत मनसायबाट अभिप्रेरित :रूसी विदेशमन्त्री

एएफपी

मस्को। कतिपय मुलुकहरूले अहिले विश्व स्वास्थ्य संगठनको आलोचना गर्नुको पछाडि उनीहरूले कोभिड-१९ सङ्क्रमणको महामारीमा नियन्त्रणका लागि यथोचित भूमिकाको कमीलाई पुष्टि गर्नु रहेको रूसी विदेश मन्त्री सर्गेई लाभरोभलाई उद्धृत गर्दै रूसी 'रिया नोवोस्ती न्यूज एजेन्सी' ले लेखेको छ।

शनिबार उक्त समाचार संस्थाले सम्प्रेषण गरेको अन्तर्वार्तामा उहाँले भन्नुभयो, "मलाई राजनीतिकरणमा यो वा त्यो समूहमा सामेल हुने चाहना छैन तर विश्व स्वास्थ्य संगठनमाथिको आलोचनामा राजनीतिकरणको सङ्केत देखिन्छ।"

"मेरो विचारमा ती आलोचनाहरू कोभिड-१९ को महहामारीविरूद्धको लडाईंमा आफ्ना ढिलो र अप्रयाप्त कामबाट आफूलाई निर्दोष देखाउने गलत विचारहरू मात्रै हुन्।"

उहाँले भन्नुभयो, "विश्व स्वास्थ्य संगठन आफैमा पूर्ण नहुनसक्छ तर यसले आफ्नो भूमिकालाई पूरा गरेको छ। एउटा नेतृत्वदायी अन्तर्राष्ट्रिय स्वास्थ्य संगठनका रूपमा विश्व समुदायसँग सहकार्य गरेको छ।"

# वुहानका सबै अस्पतालमा उपचाररत कोभिड-१९ सङ्क्रमित व्यक्ति निको भई घर फर्के

एएफपी

बेइजिङ। चीनको सबैभन्दा बढी प्रभावित वुहान सहरका अस्पतालमा उपचाररत सबै कोभिड-१९ सङ्क्रमित व्यक्ति उपचारपछि आइतबार घर फर्किएका छन्।

दिङ थरका ७७ वर्षीय पुरूष चीनको मध्य क्षेत्र हुबेईको राजधानी वुहानमा कोभिड-१९ को सङ्क्रमणपछि निको भएर घर फर्किने सबैभन्दा पछिल्लो व्यक्ति हुनुभएको छ। दिङको दोस्रो परीक्षणको रिपोर्टमा पनि कोरोना भाइरसको सङ्क्रमण नदेखिएपछि उहाँलाई आइतबार घर पठाइएको वुहान नगर स्वास्थ्य आयोगका अधिकारीले बताएका छन्।

चीनको राष्ट्रिय स्वास्थ्य आयोगका प्रवक्ता मि फङले बेइजिङमा पत्रकार सम्मेलनमा भन्नुभयो, "वुहानले कोरोना भाइरसविरूद्धको लडाईंमा सफलता पाउनुमा वुहान तथा देशका विभिन्न भागबाट त्यहाँ रहेर विरामीको उपचार गर्ने स्वास्थ्यकर्मी तथा अन्य सेवामा खटिने चिनियाँहरूको कडा परिश्रम नै महत्वपूर्ण थियो।"

आइतबारको घोषणा कोरोना भाइरसबाट सबैभन्दा बढी प्रभावित चिनियाँ शहर वुहानको लागि महत्वपूर्ण क्षण बनेको छ।

# अब बाहिरबाट ह्वारह्वारती आउन थाले

काठमाण्डु। ओलम्पियन एवं एथलेटिक्स प्रशिक्षक हरिबहादुर रोकायालाई लकडाउनको एक महिनासम्म खासै चिन्ता लागेन। जुम्ला सदरमुकाम खलङ्गामा उहाँ नियमितरूपमा व्यायाम गर्दै आउनुभएको छ। खेलाडीलाई पनि व्यायाम गराउँदै आउनुभएको छ। रोकायाले लकडाउनको ख्याल गर्दै बिहानको समयमा व्यायाम गराउँदै आउनुभएको हो।

अब भने प्रशिक्षक रोकायालाई कोरोना भाइरस सङ्क्रमणको खतरा आभास हुन थालेको छ। उहाँ भन्नुहुन्छ, "अब खतरा बढ्यो, बाहिरबाट मान्छे गाउँमा ह्वारह्वारती आउन थाले।" बाहिरबाट नयाँ मान्छे कोही नआउँदासम्म गाउँमा कोरोना भाइरस भित्रिन नसक्ने रोकायाको बुझाइ छ। एक सातायता जिल्लाभर बाहिरबाट सर्वसाधारण आउने क्रम ह्वात्तै बढेको उहाँले बताउनुभयो। "अहिलेसम्म त सुरक्षित नै थियौं, अब खतरा बढ्यो", जुम्लाको खड्गाबाट रोकायाले फोनमा भन्नुभयो। देशका विभिन्न ठाउँ तथा भारतबाट घर फर्कनेको सङ्ख्या बढेकामा उहाँ चिन्तित हुनुहुन्छ। अहिलेसम्म ढुक्कसित व्यायाम गर्दै आएकामा अब भने यसबारे उहाँलाई सोच्न बाध्य बनाएको छ।

गाउँमा बाहिरबाट सोझै नयाँ व्यक्तिलाई आउन दिन नहुने ओलम्पियन रोकायाको धारणा छ। यसरी नयाँ व्यक्तिसँगै कोरोना भाइरस पनि भित्रिने उहाँको बुझाइ छ। "गाउँमा ढुक्कसित बसेकालाई समस्या भयो, अहिलेसम्म राम्रैसित दिन बितेका थिए, अब भन्न सकिन्न", उहाँले भन्नुभयो। भारतबाट घर फर्कनेलाई सीमामै क्वारेन्टाइनमा राख्नुपर्ने रोकाया बताउनुहुन्छ। सीमामा आएर अलपत्र परेकालाई नेपाल भित्र्याउनु पर्ने तर क्वारेन्टाइनमा राखी अनिवार्य स्वास्थ्य परीक्षण गर्नुपर्नेमा उहाँले जोड दिनुभयो। सीमाको क्वारेन्टाइन सकिएपछि गाउँमा यत्रतत्र जानबाट रोक्नुपर्ने उहाँको सुझाव छ।

अहिले काठमाण्डु तथा देशका अन्य ठाउँबाट सर्वसाधारण धमाधम घर फर्कन लागेका छन्। गाउँपालिका र नगरपालिकाका प्रतिनिधिबीच होडबाजी नै चलेको छ। यसरी घर फर्केकाहरु गाउँको क्वारेन्टाइनमा बस्न मानेका छैनन्। उनीहरु घुमघाममा व्यस्त छन्। ओलम्पियन रोकाया यसलाई अबको खतराको सूचक मान्नुहुन्छ। "सरकारले घोषणा गरेको लकडाउनको सबैले पालना गर्नुपर्छ", उहाँले भन्नुभयो। गाउँमा नयाँ मान्छे आए नआएको रोकायाले आफ्ना खेलाडीबाट जानकारी लिन बिर्सनु हुन्न। "नयाँ व्यक्ति आए क्वारेन्टाइनमा अनिवार्य राख्न लगाउन खेलाडीलाई भन्दै आएको छु", रोकायाले भन्नुभयो। खेलाडीलाई सकभर घरमै व्यायाम गर्नका लागि उहाँको सल्लाह रहने गरेको छ। "घरमा बस्दा बस्दा दिक्क भयो भन्दै बिहान केही बेर खुला ठाउँमा व्यायाम गर्न आउने गरेका छन्", उहाँले भन्नुभयो, "पहिला जस्तो अभ्यास गरेका छैनौं, खेलका लागि तयारी अवस्थामा राख्न व्यायाममा जोड दिएका छौं।"

रोकाया वर्षभरि प्रशिक्षणमै व्यस्त रहने प्रशिक्षक हुन्। उहाँ कहिल्यै त्यत्तिकै बस्नुहुन्न। हत्तपत्त जुम्ला छाड्नुहुन्न। छोडी हाले पनि आफ्नो नियमित व्यायाम भने गरिरहनु हुन्छ। खेलाडी सधैं उहाँको सम्पर्कमा रहन्छन्। लकडाउनपछि भने रोकायाको दिनचर्या अलिक फेरिएको छ। बिहानको बाहेक अन्य समय उहाँ खेतबारीमै बिताउनुहुन्छ। "दिनमा कोही पनि सकभर सुत्न हुन्न", रोकाया भन्नुहुन्छ, "करेसाबारीमा काम गरेर भए पनि आफुलाई फुर्तिलो बनाउनु पर्छ।" केही समय घरछेउमै सञ्चालन गरिएको मिलका लागि खर्चिनु हुन्छ। कर्णाली स्पोर्ट्स क्लबका सदस्यहरुले मिलेर उक्त मिल सञ्चाल गरेका हुन्। त्यहाँ सातु र धान कुटानी पिसानी गरिन्छ। "यो काम पनि दूरी कायम गर्दै आएका छौं", रोकायाले भन्नुभयो। यसबाट सङ्कलन भएको रकम खेलाडीका लागि खर्च गरिन्छ। क्लबको आफ्नै चार कोठे भवन छ। जहाँ खेलाडीलाई बस्ने खाने व्यवस्था गरिएको छ। अहिले लकडाउनका कारण रोकायाले यहाँ बस्दै आएकालाई घर पठाउनुभएको छ।

कीर्तिमानी धावक रोकायाले सन् १९८८ मा दक्षिण कोरियाको सोल र सन् १९९२ मा स्पेनको बार्सिलोनामा सम्पन्न ओलम्पिकमा नेपालबाट भाग लिनुभएको थियो। उहाँ २०५२ सालदेखि भने जुम्लामा एथलेटिक्स प्रशिक्षकका रुपमा कार्यरत हुनुहुन्छ। लकडाउनअघि उहाँले सात वर्षदेखि २२ वर्ष उमेरका झण्डै ४५ खेलाडीलाई अभ्यास गराउँदै आउनुभएको थियो। हाल श्रीमतीका साथ बस्दै आउनुभएका उहाँका जेठो छोरो यज्ञबहादुर कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानमा चिकित्सक हुनुहुन्छ भने कान्छो छोरो हिक्मतबहादुर श्री एयरलाइन्समा पाइलट हुनुहुन्छ। "घरमा लकडाउनको पूर्ण पालन गरेको छु, कोही पनि नयाँ व्यक्ति घरमा आउजाउ गर्न दिएको छैन", रोकायाले भन्नुभयो। लकडाउनको पालना गरे कोरोना भाइरसको महामारीबाट जोगिन सकिनेमा उहाँ विश्वस्त हुनुहुन्छ।रासस

# बारीमै कुहियो तरकारी

बाँके । कोभिड-१९ को जोखिम हुन नदिन लकडाउन जारी रहेको छ । हुने खानेलाई पनि साँझ बिहान खानको जोहो गर्न मुस्किल पर्न थालिसकेको छ । किसानले उत्पादन गरेका कृषि वस्तु थन्क्याउन समस्या परेको छ ।

यहाँ उत्पादित तरकारी भने बिक्री नभएपछि बारीमै कुहिन थालेको छ बन्दाबन्दी लम्बिदेजाँदा यहाँका किसानको बारीमा लगाएको तरकारी बिक्री नभएपछि बारीमै कुहिन थालेको हो । बन्दाबन्दीका कारण बारीमा लगाएको तरकारी बिक्री नहुँदा किसान चिन्तित छन् । बारीमा लगाएको ७० प्रतिशत तरकारी बारीमै कुहिएको छ ।



बिक्री नभएर बारीमै तरकारी कुहिएपछि नष्ट गर्नुको विकल्प नभएको किसान बताउँछन् । नेपालगञ्ज उपमहानगरपालिका-१६ जयसपुरका किसानले उत्पादन गरेको बन्दा बिक्री नभएपछि नष्ट गरेका छन् । बाली विकास कृषक समूहले १० बिगाह क्षेत्रमा लगाएको बन्दा बारीमै कुहिएपछि तरकारी बेचेर गुजारा गर्दै आएका किसान चिन्तित बनेका छन् ।

जैसपुरमा उनीहरूले २० बिगाहमा तरकारी खेती गर्दै आएका किसानले १० बिगाह क्षेत्रफलमा बन्दा लगाएका थिए । समूहको एक हजार क्विन्टल बन्दा खेतमा छ, जो सबै कुहिने अवस्थामा छन् । " रु १० लाख लगानी गरेका किसानले बन्दा बिक्री गरेर रु २० लाख आम्दानी हुने अनुमान थियो", समूहका कोषाध्यक्ष महयादिन कवडिया बताउनुहुन्छ ।

उहाँका अनुसार उत्पादित बन्दाले बजार पाउन नसकेपछि नष्ट गर्नुपर्ने बाध्यता भयो । उहाँले बुटवल, सुर्खेत, कोहलपुर, खजुरा र नेपालगञ्जका सब्जी मण्डीमा तरकारी पुऱ्याउन नसकेको बताउनुभयो । "बन्दा बिक्री गर्नका लागि निकै पहल भयो, तर माग नै आउँदैन", उहाँले भन्नुभयो, "बन्दा बिक्री गर्न लैजाँदा अवरोध भएपछि निरास भएका छौँ ।"

बाली विकास कृषक समूहमा १५ जना सदस्य छन् । आफूहरूले कृषि पेशाबाटै परिवारको गुजारा गर्दै आएको समूहका सदस्य मुनिर अहमद राईले बताउनुभयो । "बन्दाबन्दीले हाम्रो बिचल्ली बनायो । चाउमिन, मःम पसललगायत नास्ता पसल तथा होटेल पूर्णरुपमा बन्द भएपछि मागमा शून्य छ", सदस्य राईले भन्नुभयो ।

बन्दा तरकारीका रुपमा भन्दा बढी चाउमिन, मःम र पकौडामा प्रयोग बढी हुने गर्छ । सदस्य राईका अनुसार बन्दाबन्दीका कारण नास्ता पसल तथा होटेल पूर्णरुपमा बन्द भएपछि उत्पादन भएको बन्दा बारीमै नष्ट गर्नुपरेको छ । जयसपुरका किसानले २० बिघामध्ये १० बिघामा मकै, साग, भान्टा, गोलभेँडा, खुर्सानी, लौका, काँक्रालगायतका खेती गरेका छन् ।

"हाम्रो त बर्बाद नै भयो, बन्दा बारीमै कुहियो । यस्तो अवस्थामा सरकारले हाम्रो समस्यालाई सम्बोधन गर्नुपर्ने हो । बिक्री गर्ने समयमा बारीमै कुहिनपछि हाम्रो बिचल्ली भयो", समूहका सदस्य राईले भन्नुभयो ।

भारतबाट नियमित रुपमा तरकारी नेपाल भित्रिए पनि आफूले उत्पादन गरेको तरकारी खेतमै कुहाउनुपर्ने अवस्था आएको उहाँको गुनासो छ । बाँकेको खजुरा गाउँपालिका-२ का किसान लालबहादुर खत्री भारतबाट तरकारी भित्रिँदा यहाँका किसानलाई प्रत्यक्ष असर परिरहेको बताउनुभयो ।

उहाँले आफ्नो बारीमा उत्पादन गरेको गोलभेँडा उपभोक्तासम्म पुऱ्याउन नसकेको गुनासो गर्नुभयो । "खेतमै एक ठाउँमा टिपेर राखेका गोलभेँडा बिक्री गर्न कहाँ लैजाने भन्ने नै चुनौती छ", किसान खत्रीले भन्नुभयो । गाउँगाउँसम्म भारतीय तरकारी पुग्ने गरेको बताउँदै उहाँले भन्नुभयो, "बजारमा लैजाँदा भारतीय तरकारी भरिभराउ छ ।

बिक्री गर्ने स्थान पनि छैन । तरकारीमा औषधि पनि छर्कन सकिरहेका छैनौँ । दश कट्ठामा लगाइएको करेला फल्ने बेला औषधिको अभावले मरेको छ । बन्दाबन्दीपछि तरकारी बिक्री शून्यमा झरेको छ ।"

खजुरा 'बी' गाउँका किसान पदमबहादुर रानाले बन्दाबन्दीअघि दुई दिनको अन्तरमा झण्डै १२ क्विन्टलसम्म काँक्रा बिक्रीका लागि नेपालगञ्ज पठाउने गरे पनि अहिले बिक्री हुन छाडेको बताउनुभयो । रासस

# 'लकडाउन'मा इन्धनको जोहोका लागि 'गुइँठा' बनाइँदै

जलेश्वर । कोभिड-१९ सन्त्रास छल्न जारी ' लकडाउन'भित्र महोत्तरीका आम ग्रामीण गृहिणी इन्धनको जोहोमा लागेका छन् ।

बाहिर निस्कन अनुकूलता नभएपछि यहाँका गृहिणीको खाना पकाउने इन्धनको जोहोमा 'गुइँठा' (गोबर पथारेर दाउरा प्रयोजनका लागि बनाइने इन्धन, 'चिपरी' र 'गोरहा'पनि भनिन्छ) बनाउने व्यस्तता बढेको हो ।

प्रायजसो जिल्लाका सबैजसो स्थानीय तहका ग्रामीण बस्तीमा अहिले महिला ढकी (बाँसको चोयाले बुनिएको खास भाँडो, ' छिटी' पनि भनिन्छ) बोकेर गोबर सङ्कलन गर्न र घरघरै 'गुइँठा' बनाउन व्यस्त देखिँदा छन् ।

जिल्लाका १५ स्थानीयतह्मध्ये १० नगरपालिकामा पनि धेरैजसो ग्रामीण बस्ती नै रहेका हुँदा सबैजसो भेगमा अहिलेको ' लकडाउन' मा गृहिणीको 'गुइँठा' बनाउने काममा व्यस्तता बढेको हो ।

"के गर्नु पकाएर खानु परिहाल्छ," धमाधम गोबरको चिपरी पथार्न व्यस्त देखिनुभएकी बर्दिवास नगरपालिका-९ पशुपतिनगरकी गृहिणी शैलदेवी महतोले भन्नुभयो, "अहिले काममा बाहिर निस्कने समय छैन, त्यसैले घरमै बर्खभरिलाई चाहिने 'चिपरी' पथार्दैछु ।"

जिल्लामा खाना पकाउने इन्धनमा बाक्लै प्रयोग हुने गोबरको चिपरी र गुइँठा (गोरहा)मा आगो ननिभ्ने र खानेकुरा पनि स्वादिलो हुने आमविश्वास छ ।

जिल्ला स्वास्थ्य कार्यालय महोत्तरीका वरिष्ठ स्वास्थ्यकर्मी गिरेन्द्रकुमार झाले पनि गोबरका 'चिपरी' र 'गुइँठा'मा पकाइएको खाना मौलिक स्वादको हुने र स्वस्थ्यकर पनि हुने बताउनुभयो ।

खासमा असोजदेखि जेठसम्म 'चिपरी' र 'गुइँठा' पथार्ने यहाँका महिला अहिले धेरैजसो कृषिकार्य 'लकडाउन' ले गर्न अनुकूलता नहुँदा वर्षभरिकै इन्धन जम्मा गर्न 'चिपरी' र 'गुइँठा' पथार्ने (गोबरको 'गुइँठा' र 'चिपरी' बनाउने कामलाई ' पाथ्ने' वा'पथार्ने' भनिन्छ) गरेको बताउँछन् ।

घरमा पशुबस्तु हुनेले आफ्नै गोठको गोबर जम्मा गरेर कुरी (थुप्रो) लगाउने र नहुनेले सडक र चरणक्षेत्रसम्म पुगेर गोबर सङ्कलन गरेर घर वरपर ल्याएर थुपार्ने महोत्तरी मात्र नभएर मध्यपूर्वी तराईकै आम कुरो मानिन्छ । यसरी दुई/तीन दिन लगाएर थुपारिएको गोबर अर्को दुई/तीन दिन लगाएर 'गुइँठा' र 'चिपरी' पाथ्ने गरिन्छ ।

सामान्यतया गोबरलाई चाक्लो पारेर पथारिनेलाई 'चिपरी' र लामो डोलो बनाइनेलाई 'गुइँठा' वा ' गोरहा' भनिन्छ । पथारेर एक महिनाजति घामले सुकेपछि ' चिपरी' र 'गुइँठा' पानी नचुहिने, नभिज्ने ठाउँमा थाक बनाएर राखेपछि आवश्यकताअनुसार खाना पकाउन प्रयोग गरिन्छ ।

खासगरी वनक्षेत्र टाढा भएका र घरको आर्थिक अवस्थाले ग्यास किन्ने र प्रयोग गर्ने आर्थिक हैसियत नभएका घरमा इन्धनका लागि 'चिपरी' र 'गुइँठा' बालेर खाना पकाइन्छ ।

मध्यपूर्वी तराई क्षेत्रमा घरपालुवा पशुबस्तु (गाई, गोरु, भैँसी र राँगा) को गोबर इन्धनमा खर्च हुने भएपछि जग्गा जमिनमा उत्पादन भने कम हुने र रासायनिक मलको प्रयोग बढेको पाका किसान बताउँछन् ।रासस

# हुलाकी सडकको निर्माण शुरु

राजविराज । लकडाउनका कारण एक महिनादेखि बन्द रहेको हुलाकी सडकको निर्माण कार्य शुरु भएको छ ।

कोरोना भाइरस सङ्क्रमण रोकथाम र नियन्त्रणका लागि सरकारले लागू गरेको लकडाउनमा पनि सुरक्षा सर्तकता अपनाएर सप्तरीको राजविराज-कञ्चनपुर सडक खण्डअन्तर्गतको हुलाकी सडक निर्माण कार्य शुरु गरिएको हो ।



कामदारबीच भौतिक तथा सामाजिक दूरी कायम राखी आवश्यक सुरक्षा सर्तकता अपनाएर काम शुरु गरिएको बज्रगुरु कन्स्ट्रक्सन कम्पनीका आयोजना व्यवस्थापक कलियान गौतमले बताउनुभयो । बज्रगुरु कन्स्ट्रक्सन कम्पनीले ठेक्का पाएका राजविराज-कञ्चनपुर सडकअन्तर्गतको बनौलीदेखि सोनरा पकरीसम्मको तत्काल आठ किलोमिटरको हुलाकी सडकको निर्माण कार्य गर्न बाटोमा अहिले माटो दिएर मिलाउने काम शुरु गरिएको हो ।

तराई-मधेशको ' लाइफलाइन' भनिएको हुलाकी राजमार्गको निर्माण सडकमा अहिले माटो मिलान गर्ने काम तीव्र रुपमा थालिएको कम्पनीका व्यवस्थापक गौतमले जानकारी दिनुभयो । "सडक निर्माण शुरु भएको छ", उहाँले भन्नुभयो, "यस क्षेत्रको महत्वपूर्ण योजनाको काममा ढिलाइ हुँदा विकास निर्माण पूरै प्रभावित हुने अवस्था आएपछि निरन्तर समन्वयपछि काम शुरु भएको छ ।" प्रमुख जिल्ला अधिकारीसँग निरन्तर छलफलपछि निर्माण कार्य शुरु भएको उहाँको भनाइ छ ।

"सामाजिक दूरी कायम गरेर निर्माणस्थलमा काम भइरहेको छ", उहाँले भन्नुभयो, "वर्षाअगावै सक्नुपर्ने सडकमा थुपारिएको माटोलाई अहिले धमाधम डोजर र जेसिबीबाट मिलाउने कार्य भइरहेको छ ।" लकडाउनको मौका छोपी यो सडकखण्ड सुधारको काम गर्न लागिएको बताउँदै उहाँले वर्षा शुरु हुनुभन्दा पहिला नै माटो मिलाउने र गिट्टी बिछ्याउने काम सम्पन्न गर्ने व्यवस्थापक गौतमले बताउनुभयो । लकडाउनको समयमा उक्त सडकमा अहिले मानिस र सवारी साधन कम चल्ने भएकाले पनि निर्माण काम गर्न सजिलो भइरहेको उहाँको भनाइ छ ।

हुलाकी सडक खण्डको बाटो टेढो होचो भएका कारणले पनि काम गर्न समस्या भइरहेको उल्लेख गर्दै उहाँले राजविराज-कञ्चनपुर सडक खण्डको अधिकांश ठाउँमा बिजुलीको पोल र पोलमा थुपारिएका तारसमेत समयमा नहटाएका कारण काम गर्न समस्या भइरहेको बताउनुभयो ।

त्यस्तै हुलाकी सडक खण्डको विभिन्न ठाउँमा नेपालकै पुरानो चन्द्रनहर भिडेका कारण पनि यसको निर्माणमा समस्या भइरहेको बताउँदै गौतमले भन्नुभयो, "चन्द्रनहरको पुरानो संरचनाअनुसारबाटोनछुट्याएकाले कहाँ कसरी बाटो बनाउने भने समस्या भइरहेको छ ।" लकडाउनका कारण चन्द्रनहर र हुलाकी सडकको नयाँ नक्सा अहिलेसम्म नआएका कारण पनि हुलाकी सडक निर्माणमा ढिलाइ भएको बताउँदै उहाँले समयमै हुलाकी सडक निर्माण गर्ने योजना रहेको छ भन्नुभयो ।

करिब रु ८४ करोड लागतमा राजविराज-कञ्चनपुर सडक खण्डको २० किलो मिटर हुलाकी सडक निर्माण थालिएको सो कम्पनीले जनाएको छ । हुलाकी सडकको अन्य ठाउँमा पनि लकडाउनको समयमा सामाजिक दूरी कायम गरी छिट्टै काम शुरु गरिने पनि गौतमले बताउनुभयो । तत्काल बनौलीदेखि सोनरा पकरीको खाडो नदीसम्म र त्यहाँदेखि राजविराजसम्मको सडकको निर्माण कार्य शुरु गरिने कम्पनीले जनाएको छ ।

हुलाकी सडक निर्माणको काम सन् २०२० सम्म सम्पन्न गरिसक्नुपर्ने समयसीमा तोकिएको छ । तर अहिलेसम्म ५० प्रतिशत पनि काम हुन सकेको छैन । लकडाउनका कारण पनि विगत एक महिनादेखि काम प्रभावित भएको जनाइएको छ ।

लकडाउनका कारण सवारी साधन सञ्चालन नहुँदा बालुवा, गिट्टी उपलब्ध नभएर केही ठाउँमा काम रोकिएको भए पनि यसको व्यवस्थापन स्थानीय सरकारले गरेमा हामी छिट्टै कामलाई तीव्रता दिइने गौतमले बताउनुभयो । हुलाकी सडक निर्माणमा माटो र गिट्टी ढुवानीमा सहजता भयो भने यसको निर्माण कार्य छिटो छरितो गर्न सकिने कम्पनीले जनाएको छ ।रासस

# कार्यान्वयनमा आएन घरभाडा छुट

काठमाण्डु । शङ्खमूल बस्दै आउनुभएकी शर्मिला तामाङले घरभेटीले पटकपटक ताकेता गरेपछि गत साता घर भाडा तिर्नुभयो । कहिले भारी बोक्ने त कहिले भाडा माझ्ने गरी आफ्नो जीविकोपार्जन गर्दै आउनुभएकी उहाँलाई खाने धौधौ परेको थियो । काठमाडौँको बसाइ कठिन भएपछि उहाँ गत साता सिन्धुली जिल्ला दुधौलीस्थित घर तीन सन्तानलाई लिएर जाने तयारी गर्दै हुनुहुन्थ्यो । घरबेटीले जानुअघि चैतको भाडा नतिरी फर्किन नदिएको उहाँले बताउनुभयो ।

"घर गएपछि फर्किने हो कि होइन भनेर भाडा तिरेर मात्रै जान दिए", सन्तानसहित घर फर्कने गाडी कुर्दै लोकन्थलीमा भेटिनुभएकी तामाङले भन्नुभयो, "एक जना दाजुसँग उधारो मागेर भाडा तिरेर घर जाँदैछु ।" गत चैत १६ गतेको मन्त्रिपरिषद्को बैठकले घरभाडा नलिन अनुरोध गर्ने निर्णय गरेको थियो । बैठकले घरभाडा मिनाहा गर्ने घरभेटीको घर बहाल करसमेत छुटको घोषणा गरेको थियो ।

कोभिड-१९ का कारण प्रभावितलाई राहत दिन सरकारले सो निर्णय गरे पनि यो कार्यान्वियन भने थोरै मात्रै भएको छ । कतिपय घरबेटीले सामाजिक सञ्जालमार्फत नै आफूले भाडा नलिने उद्घोष गरिरहे पनि अधिकांश घरमा भने बहालमा बस्नेले भाडा तिरिसकेका छन् । कतिपयले अग्रिम भाडा तिर्ने गरेकाले वैशाख महिनाको समेत भाडा तिरिसकेका छन् । अच्चमको कुरा त सरकारी उच्च तहका कर्मचारी नै धमाधम भाडा असुल्न लागेका छन् । महिना दिनसम्म घरबाट ननिस्केका ती कर्मचारी श्रमजीवी र दैनिक ज्यालादारी मजदुरसँग भाडा लिइरहेका हुन् । 'लकडाउन' का समयमा नियमित काम गरिरहेका स्वास्थ्यकर्मी, सुरक्षाकर्मी र सञ्चारकर्मीसमेत आफूले भाडा तिरेर पनि बस्न कठिन भएको बताउँछन् । कोभिड-१९ को सङ्क्रमण फैलिने भन्दै घरबेटीले नराम्रो व्यवहार गरेको धेरैले बताएका छन् ।

आफूलाई चार पटकसम्म ताकेता गरेपछि भाडा बुझाएको नाम नबताउने सर्तमा एक सञ्चारकर्मीले बताए । अहिले भन्नासाथ कोठा खोजेर पनि नपाइने हुँदा बुझाउन बाध्य भएको उहाँको भनाइ छ । उहाँले भन्नुभयो, "अहिलेको समयमा भाडामा किचकिच गर्नुभन्दा चुप लागेर काम गर्नु नै ठीक हो ।" अहिले झण्डै १० प्रतिशत घरबेटीले मात्रै आफ्ना घरमा छुट आवश्यक नपर्न सक्ने उहाँले बताउनुभयो । वार्षिक यतिसम्म आम्दानी भएकालाई छुट दिइने भनी निर्णय गरेर सोहीअनुसार कार्यान्वयन गर्नुपर्ने उहाँले बताउनुभयो । उहाँले भन्नुभयो, "कतिपय उच्च ओहोदामा बस्ने र नियमित तलब आउनेलाई समस्या नपरे पनि भाडा छुट नहुँदा उपत्यकामा धेरैलाई समस्या परेको छ ।"

काठमाण्डु महानगरपालिकाका प्रवक्ता ईश्वरमान डङ्गोलले सरकारले

> *कोभिड-१९ का कारण प्रभावितलाई राहत दिन सरकारले सो निर्णय गरे पनि यो कार्यान्वियन भने थोरै मात्रै भएको छ । कतिपय घरबेटीले सामाजिक सञ्जालमार्फत नै आफूले भाडा नलिने उद्घोष गरिरहे पनि अधिकांश घरमा भने बहालमा बस्नेले भाडा तिरिसकेका छन् । कतिपयले अग्रिम भाडा तिर्ने गरेकाले वैशाख महिनाको समेत भाडा तिरिसकेका छन् । अच्चमको कुरा त सरकारी उच्च तहका कर्मचारी नै धमाधम भाडा असुल्न लागेका छन् । महिना दिनसम्म घरबाट ननिस्केका ती कर्मचारी श्रमजीवी र दैनिक ज्यालादारी मजदुरसँग भाडा लिइरहेका हुन् । 'लकडाउन' का समयमा नियमित काम गरिरहेका स्वास्थ्यकर्मी, सुरक्षाकर्मी र सञ्चारकर्मीसमेत आफूले भाडा तिरेर पनि बस्न कठिन भएको बताउँछन् ।*

बस्नेलाई छुट दिएको पाइएको डेरावाल मञ्चका अध्यक्ष रामकृष्ण शर्माले बताउनुभयो ।

उहाँका अनुसार धेरै घरभेटीले आफ्नो आम्दानीको अरु स्रोत नभएको वा आफूलाई पनि गाह्रो पर्ने भन्दै छुट दिन मानेका छैनन् । सरकारले कम्तीमा 'लकडाउन' का कारण रोजगारी गुमाएका व्यक्तिलाई छुट दिन निर्देशन दिनुपर्ने उहाँको भनाइ छ । उहाँले भन्नुभयो, "अहिले मजदुर, विद्यार्थी र नियमित तलब नभएकालाई भाडा छुट गर्नुपर्छ भन्ने हाम्रो माग हो ।"

सरकारले अहिले भाडा छुटका लागि अनुरोध मात्रै गरेकाले पनि कार्यान्वयन हुन नसकेको अध्यक्ष शर्माले बताउनुभयो । सरकारले निर्देशिका नै बनाएर निर्देशन दिएर कार्यान्वयन गर्नुपर्ने उहाँको भनाइ छ । सबै बहालमा बस्ने व्यक्तिलाई निर्णय गरे पनि स्थानीय तहलाई कार्यान्वयनका लागि निर्देशन नदिएको बताउनुभयो । अहिलेसम्म घरभेटी र बहालमा बस्ने दुईबीचको समझदारीमा नै भाडा लिने/नलिने निर्णय भइरहेको उहाँले बताउनुभयो ।

यसबारेमा कार्यपालिकाबाट पनि कुनै निर्णय भएको छैन । महानगरले कसैलाई पनि भाडा लिनुहोस् वा नलिनुहोस् भन्न नमिल्ने उहाँले बताउनुभयो ।

कतिपय घरभेटी आर्थिक अवस्था न्यून भएकाले उनीहरूले भाडा मिनाहा गर्न सक्ने अवस्था नहुन सक्ने उहाँले बताउनुभयो । बहालमा बस्ने व्यक्तिसँगै घरबेटीलाई पनि मर्का पर्छ कि भनी हेर्नुपर्ने उहाँको भनाइ छ । घरभेटीले घरभाडा नलिँदा सरकारले तिनलाई के गर्ने भनी सोच्न जरुरी छ । उहाँले भन्नुभयो, "घरभेटी र बहालमा बस्ने दुवै मर्कामा पर्नु हुँदैन ।"

ललितपुर महानगरपालिकाका प्रवक्ता राजु महर्जनले महानगरभित्र कसैले भाडा पूरै मिनाहा गरेको, कतिले केही छुट गरेको त कतिले नगरेको भन्ने जानकारी आइरहेको बताउनुभयो । कतिपय घरभेटीले बहालमा बस्नेलाई खाद्यान्न राहतसमेत दिइरहेको जानकारी आएको उहाँले बताउनुभयो । कतिपयले ऋण गरेर घर बनाएको र घरभाडाबाटै किस्ता तिर्ने हुँदा उसले भाडा पूरै मिनाहा गर्न नसकेको हुनसक्ने उहाँले बताउनुभयो । उहाँले भन्नुभयो, "आर्थिकरुपमा विपन्नले भाडा नतिरे पनि अरुले दिइरहेको जानकारी आएको छ ।"

कतिपय घरभेटीको अरु आर्थिक स्रोत नभएकाले घर भाडाबाटै खाने गरेको प्रवक्ता महर्जनले बताउनुभयो । कतिपय घरभेटीले ऋण गरेर घर बनाएकाले भाडाबाट किस्ता तिर्नुपर्ने बाध्यता हुनसक्ने उहाँले बताउनुभयो ।

"जम्मा तीन कोठाको घरमा दुई कोठा प्रयोग गरेर घरभेटीले एक कोठा मात्रै भाडामा लगाएका पनि छन्", उहाँले भन्नुभयो, "त्यही दुईतीन हजारबाट रासन खाने घरभेटी धेरै छन्, तिनका बारेमा पनि सरकारले सोच्नुपर्छ ।"रासस

# कुपनमार्फत खाना खुवाइने

ललितपुर । ललितपुर महानगरपालिकाले लकडाउनका कारण समस्यामा परेका दैनिक श्रम गरी खानुपर्ने व्यक्ति वा परिवारको वडागतरुपमा तथ्याङ्क सङ्कलन गरी खाना खुवाउने भएको छ ।

यहाँका अतिविपन्न, गरिब र दैनिक ज्यालादारी गर्ने व्यक्ति वा परिवारलाई महानगरपालिकाले वडापिच्छे तथ्याङ्क सङ्कलन गरी खानाको व्यवस्थापन गर्न लागेको हो ।

महानगरपालिकाको २९ वटै वडामा गई दैनिक हातमुख जोड्न समस्या भएका व्यक्ति वा परिवारको तथ्याङ्क सङ्कलन गरिने प्रवक्ता राजु महर्जनले जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "यस्ता व्यक्तिको जानकारी सङ्कलन गरी प्रत्येक वडामा दिनको दुई पटक खाना खुवाउने व्यवस्था गर्ने भएका छौँ ।"

महानगरपालिकामा पहिलो चरणको रातह वितरण सम्पन्न भइसकेको छ । वितरण गरिसकेको राहतले बन्दाबन्दी अवधिभर दैनिक खान नपुग्ने हुँदा खानाको व्यवस्था गर्न लागेको महर्जनले बताउनुभयो ।

"लगनखेल आसपासका मन्दिरमा दैनिक मागेर गुजारा चलाउने १५० देखि २०० व्यक्तिलाई हामीले तीन हप्ताअघिदेखि खानाको व्यवस्था गरिरहेका छौँ", प्रवक्ता महर्जनले थप्नुभयो, "यी व्यक्तिलाई खाना खुवाउनका लागि लगनखेल युवा समूहका व्यक्ति सक्रिय हुनुहुन्छ ।" दैनिक कामविना खाने नपाउँने यस्ता व्यक्तिलाई महानगरपालिकाले तथ्याङ्कसङ्कलनको पूर्णतापश्चात् कुपनको व्यवस्था गरिदिने महर्जनले जानकारी दिनुभयो ।

महालक्ष्मी नगरपालिकामा आजसम्म खाना खान पाइन भनेर आउने व्यक्ति नभेटिएका नगरप्रमुख रामेश्वर श्रेष्ठले बताउनुभयो । उहाँले भन्नुभयो, "हामीसँग मुलुक बन्दाबन्दी अवधिभर कसैले खाना खान पाइन भनेर आउँछन् भने उहाँहरूलाई ध्यानमा राखी केही सामग्री जोहो गरेर राखेका छौँ ।" महालक्ष्मीले विपन्न र श्रमिक व्यक्तिलाई ध्यानमा राखी प्रमुख, उपप्रमुख, वडाध्यक्ष, कार्यपालिका सदस्य, समाजसेवी आदिको २० वटा नम्बर सार्वजनिक गरिरहेको नगरप्रमुख श्रेष्ठले जानकारी दिनुभयो ।

गोदावरी नगरपालिकाले श्रमिक र मजदूर वर्गको हितमा पहिलो र यहाँ रहेका सङ्घसंस्थाको पहलमा गरी दोस्रो चरणमा राहत वितरण गरिसकेको नगरप्रमुख गजेन्द्र महर्जनले जानकारी दिनुभयो । रासस


## सोनमा गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय
सोनमा, महोत्तरी

## आसय पत्रको सूचना सम्बन्धमा

सूचना प्रकाशित मिति : २०७६/१/१६

प्रस्तुत विषयमा यस कार्यालयको बोलपत्र मूल्यांकन समितिको निर्णय अनुसार देहायमा उल्लेखित योजनाहरुको मिति २०७६/१०/१० गते सिलबन्दी बोलपत्र आव्हान गरि मिति २०७६/११/१२ गते १२:०० बजेसम्म रितपुर्वक दर्ता भएका बोलपत्रहरुको प्राविधिक तथा आर्थिक प्रस्तावहरु मुल्यांकन गर्दा देहाय बमोजिमका बोलपत्रहरु न्युनतम मुल्यांकित एवम सारभुत रुपमा प्रभावग्राही बोलपत्र कायम भएको भनि सिफारिस भई आएको हुँदा उक्त सम्बन्धमा सार्वजनिक खरिद ऐन २०६३ को नियम २७ को उपनियम ३ को प्रयोजनको लागि सम्बन्धित सबेको जानकारीको लागि यो आशय पत्रको सूचना प्रकाशित गरिएको छ ।

योजनाहरु

| सि.नं. | योजनाको विवरण | न्यूनतम मूल्याकिंत एवम् सारभुत रुपले प्रभावग्राही बोलपत्रदाताको नाम | कबोल रकम रु. (भ्याट बाहेक) |
|---|---|---|---|
| १. | Ru-Mun/W/NCB/Sonma HBC -T1/01/076-77 | श्री शिवम कन्सट्रक्शन, जनकपुर-८, धनुषा | रु. ३२,४९,१७०।१७ |
| २. | Ru-Mun/W/NCB/Sonma HBC-T1/02/076-77 | श्री चोधरी कन्सट्रक्शन, जनकपुर-८, धनुषा | रु. ३३,०८,०४८।०६ |
| ३. | Ru-Mun/W/NCB/Sonma HBC-T2//03/076-77 | श्री शिवम कन्सट्रक्शन, जनकपुर-८, धनुषा | रु. १९,०१,७९८।४४ |
| ४. | Ru-Mun/W/NCB/Sonma HBC-T2/04/076-77 | श्री तिरुपति बालाजी निर्माण सेवा, जिंगरवा-१, सर्लाही | रु. २०,०१,६५९।०० |
| ५. | Ru-Mun/W/NCB/Sonma HBC-t2/05/076-77 | श्री शिवम कन्सट्रक्शन, जनकपुर-८, धनुषा | रु. २०,४०,७०६।९५ |

प्रमुख प्रशासकीय अधिकृत

# वनबाट बन्दुक बरामद

**रञ्जन यादव**

जीतपुर । बाराको कोल्हबी क्षेत्रको वनबाट सोमबार एक थान बन्दुक बरामद भएको छ । शिकारी भने फरार छन् । कोल्हबी सब डिभिजनबाट खटिएको गस्ती टोलीलाई देख्ने बित्तिकै बन्यजन्तुको सिकार गर्न आएका सिकारी बन्दुक छोडेर फरार भएको डिभिजन वन कार्यालय सिमरा,बाराका प्रमुख मञ्जुर अहमदले जानकारी दिए ।



सिकारीको खोजी कार्य भईरहेको डिभिजन बन कार्यालय बाराले जनाएको छ । त्यस्तै कोल्हबीको काटा टोलबाट करिब ८ क्युफीट बाभीको काठ चिरान गर्दै गरेको अवस्थामा सब डिभिजन बन कार्यालय कोल्हबीले बरामद गरेको छ ।

उता कोल्हबी बन क्षेत्रबाट २६ क्युफिट सालको काठ गस्ती टोलीले बरामद गरेको छ। गोलिया बनाई लगिरहेको अवस्थामा गस्ती टोलीले उनीहरुलाई देखेको थियो । गस्ती टोलीलाई देखेर काठ तस्करहरु फरार भएको र उनीहरुको खोजी कार्य भईरहेको डिभिजन बन कार्यालय सिमराका प्रमुख अहमदले जानकारी दिए ।

# रुख काट्दै गर्दा एक जना पक्राउ

जलेश्वर । कोभिड-१९ को जोखिम हुन दिन बन्दाबन्दी जारी रहदा डिभिजन वन कार्यालयले तिनकोसे जङ्गलमा रुख काट्दै गरेका अवस्थामा एक जनालाई पक्राउ गरेको छ । पक्राउपर्नेमा जिल्लाको बर्दिवास नगरपालिकाअन्तर्गत पर्ने माइस्थान चेरुका ४५ वर्षीय भोकिलाल लामा रहेको सो कार्यालयका प्रमुख हेमन्त साहले जानकारी दिनुभयो ।

तिनेकोसे भाडीअन्तर्गत पानी खोल्सी प्राकृतिक वन क्षेत्रमा सालको रुख काट्दै गरेका लामालाई सहायक वन अधिकृत ओमविक्रम खड्काको नेतृत्वमा खटिगएको सशस्त्र वन सुरक्षाकर्मीसहितको टोलीले सोमबार नियन्त्रणमा लिएको हो । रासस

# लकडाउन उल्लंघन गर्नेलाई कारबाही

**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषाको महेन्द्रनगरमा लकडाउनमा अनावश्यक घरबाहिर सडकमा निस्कनेलाई कारबाही गरिएको छ ।

विश्वभर महामारीको रुपमा फैलिरहेको कोरोना भाइरस रोकथामको लागी नेपाल सरकारले आह्वान गरेको देशव्यापी लकडाउन उल्लंघन गरी अनावश्यक घरबाहिर सडकमा निस्कने व्यक्तिलाई सडकमै खडा गरिएको छ । केही बेर सडकमै खडा गराएर उनीहरुलाई छाडिएको इलाका प्रहरी कार्यालय महेन्द्रनगरका प्रहरी निरिक्षक पप्पु नायकले जानकारी दिए ।

लकडाउन कार्यान्वियनलाई थप प्रभावकारी बनाउन गस्ती र सुरक्षा जाँच बढाउनुको साथै इलाका प्रहरी कार्यालय महेन्द्रनगरले जारी गरेको सुचना अनुसार ४ बजे पछि अत्यावश्यक काम बिना सडकमा निस्किनेलाई सडक मै उभ्याएर राख्ने अभियान चलाएको छ ।

इप्रका महेन्द्रनगरका इन्चार्ज प्रहरी निरीक्षक नायकका अनुसार आवश्यक काम ४ बजे भित्र सकाएर चार बजे पश्चात लकडाउनलाई पूर्णरुपले पालना गरी घर मै सुरक्षित भई बस्न आग्रह गर्दा पनि अटेर गर्नेहरुको लागी यस्तो कदम चालेको बताए । उनले ४ बजे सडकमा बिना काम निस्कने र लकडाउन आदेशको उल्लंघन गर्नेलाई सम्बन्धित स्थल मै नियन्त्रणमा लिने र होल्ड गर्ने अभियान चलाएको बताए ।



# पहिलो चरणमा २ हजार सात सय परिवारलाई राहत वितरण

**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषाको मिथिला बिहारी नगरपालिकाकामा पहिलो चरणको राहत वितरण पुरा भएको छ ।

वडा नं. २ का अति विपन्न, गरिब, मजदूर र दैनिक ज्यालादारी गरेर छाक टार्ने परिवारलाई चामल, दाल, नुन, खानेतेल र नगद पाँच सय उपलब्ध गराएसँगै पहिलो चरणको राहत वितरण कार्य सम्पन्न भएको हो ।

गएको बैशाख ७ गतेदेखि वडा नं. १ देखि राहत वितरण कार्य थालिएको थियो ।

नगर प्रमुख अनिल कुमार यादवको विशेष उपस्थितिमा वडा नं. २ का अति विपन्न, गरिब, मजदूर र दैनिक ज्यालादारी गरेर छाक टार्दै आएका परिवारलाई सोमबार राहत स्वरुप खाद्यान्न समाग्री वितरण गरिएको छ ।

लामो समयदेखि जारी लकडाउनको मारमा परेका अति विपन्न, गरिब, दैनिक ज्यालादारी गर्नेलाई राहत वितरण गरिएको हो ।

नगरपालिकामा बस्दै आएको २ हजार सात सय अति विपन्न परिवारलाई खाद्यान्न समाग्रीसहित नगद पाँच सयको दरले अतिवितरण गरिएको नगर प्रमुख यादवले बताए ।

वडा नं. २ को २ सय ६३ लाभग्राहीलाई राहत स्वरुप खाद्यान्न वितरण गरिएको छ । वडाध्यक्ष सुरेश कुमार मण्डलको सक्रियतामा वडाका अतिविपन्न



परिवारलाई राहत वितरण गरिएको छ ।

यस्तै वडा नं. ३ का ४ सय ८ परिवारलाई राहत स्वरुप खाद्यान्न वितरण गरिएको छ । कृष्ण कुमार बसन्तको सक्रियतामा ती वडामा राहत वितरण गरिएको हो ।

वडास्तरीय सर्वदलीय राहत वितरण समितिले संकलन गरेको लगत अनुसार प्रति परिवार १५ किलो चामल, तीन किलो दाल, नून १ किलो, खानेतेल एक लिटरसहित नगद पाँच/पाँच सयको दरले वितरण गरिएको हो ।

एक महिना बढी समयदेखि जारी लकडाउनको कारण अति विपन्न, गरिब, असहाय, अपाँग, दैनिक ज्यालादारी गरेर छाक टार्ने परिवारलाई समस्या भएको छ । यस्ता परिवारहरुलाई छाक टार्न समस्या हुन नदिन स्थानीय सरकारलाई प्रदेश सरकारले पनि सहयोग गरेको थियो । नगरपालिकालाई १५ लाख रुपैयाँ उपलब्ध गराएर यस्ता परिवारलाई राहतको व्यवस्थापन गर्न प्रदेश सरकारले आग्रह गरेको थियो ।

प्रदेश सरकारले उपलब्ध गराएको रकममा थपेर पालिकाको १० वटै वडाका अति विपन्न परिवार, गरिब, मजदूर, असहाय, अपाँगहरुलाई राहत वितरण गरिएको छ ।

समाजिक दूरीको पालना गरेर राहत समाग्री वितरण गरिएको वडा नं. २ का वडाध्यक्ष मण्डलले बताए ।

लकडाउन लम्बिदै गएमा दोश्रो चरणको राहत वितरण कार्य पनि गर्ने नगर प्रमुख यादवले बताए ।

सरकारले गत चैत ११ गतेदेखि जारी गरेको लकडाउनको पालना गर्न नगर प्रमुख यादवले सबैमा अपिल समेत गरे । लकडाउन आफ्नै लागि छ, उनले भने-'यो अवधिमा कोही बाहिर घुमफिर गर्नुहुँदैन । आवश्यक काम बाहेक सबै जनालाई आ आफ्नो घरमै बसेर लकडाउनको पालना गर्नहुनको लागि आग्रह गरे ।

# उपमहानगरपालिकाले राहत पठाउँदै

**टुडे समाचारदाता**

जनकपुरधाम । जनकपुरधाम उपमहानगरपालिका वडा न. १४ को वडा कार्यालयमा सोमबार राहत वितरण गरिएको छ । वडाका अतिविपन्न परिवारलाई नगर प्रमुख लालकिशोर साहले राहत वितरण गरेका छन् ।

विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना भाइरस (कोभिड-१९) संक्रमणको जोखिम न्युनिकरण गर्न सरकारले जारी गरेको लकडाउनको कारण प्रभावित भएका अतिविपन्न परिवारहरुलाई तोकेको मापदण्ड अनुसार राहत स्वरुप खद्यान्न सामाग्री वितरण गरिएको हो ।

६१५ मध्ये सोमबार ५५ परिवारलाई सोमबार राहत वितरण गरिएको छ । उपमहानगरपालिकाद्वारा विभिन्न १२ वटा वडाका सात हजार ६ सय एक परिवारकालागि आइतवार सम्म पठाइएको थियो । उपमहानगरपालिका अनुसार प्रतिव्यक्ति १५ किलो चामल, १ लिटर खाने तेल, १ किलो नुन, हातधुने साबुन सय ग्रामको एउटा र ५०/५० ग्रामको दुईवटा र तरकारी र दालको नगद तीन सय गरि राहत पठाइएको छ ।

आइतवार सम्म विभिन्न १२ वटा वडा २,३,४,५,६,८,११,१४,१६,१७,१८ र २१ मा राहत पठाइएको छ । वडा २ मा ३ सय १५, वडा ३ मा २७०, वडा ४ मा एक हजार २९, वडा ५ मा १४७, वडा ६ मा ५८८, वडा ८ मा ७५४, वडा ११ मा ५८९, वडा १४ मा ६१५, वडा १६ मा ५४१, वडा १७ मा ९४१, वडा १८ मा ६१२, वडा २१ मा १२ सय घर परिवारकोलागि राहत पठाइएको छ ।



विश्वभरि फैलिएको कोभिड-१९ (कोरोना भाइरस) को महामारीको एक महिना भन्दा बढी भई सकेको अवस्थामा दैनिक ज्यालादारी र विपन्न परिवारहरुको लागि जनकपुरधाम उप-महानगरपालिकाले जिवन यापनमा सहज हुनकोलागि सो राहतवितरण गरेका छन्। कोभिडि-१९ ले जनकपुरधाम सहित विश्वभरिका आम जनता प्रभावित भएका छन् ।

कुनै कुनै वडामा आइतवारदेखि नै राहत वितरण गर्ने कार्य प्रभारम्भ गरिएको छ भने अन्य वडाहरुमा सोमवारदेखि वितरण गर्ने कार्यक्रम रहेको वडाध्यक्षहरुले जानकारी दिएका छन् । जनकपुरधाम उप-महानगरपालिकाले गरेको राहत वितरणलाई चौतर्फी प्रसंसा गरिएको छ ।

तत्कालिन जनकपुर नगरपालिकाका मेयर वजरंग प्रसाद साहले आइतवार वडा नं. ५ मा राहत वितरण गरिने क्रममाने भने-'राहत वितरण गर्नु भएकोमा मेयर साहवलाई सहृदय धन्यवाद दिन चाहन्छौं ।' उनले जनकपुरधाम उप-महानगरपालिकाका मेयर लाल किशोर साहको प्रसंसामा भने दैनिक ज्यालादारी गर्नेहरुको जिवन यापनकालागि सोच्नु सानो कुरा होइन । देखाउने र गर्नेमा फरक हुन्छ जनकपुरधाम उप-महानगरपालिकाका मेयर साहेवले 'गर्ने'मा विश्वास गर्नु हुन्छ त्यसकोलागि धन्यवाद ।

जनकपुरधाम उप-महानगरपालिका-५ का समाजसेवी प्रमोद चौधरीले उप-महानगरपालिकाका मेयर साहको प्रसंसा गर्दै आफ्नो अभिभावकत्व हेराउनु भएको छ भने । उनले थपे उप-महानगरपालिका अभिभावक विहीन छैन् । समाजिक संजालमा सस्तो लोकप्रियता कमाउनेहरुको बोल्ती बन्द भएको छ ।

राहत वितरण कार्यक्रम निरन्तर जारी रहने र अगामी दिनमा पनि सहयोग गर्न जनकपुरधामउप-महानगरपालिकातयार रहेको छ । जनकपुरधाम उप-महानगरपालिकाका मेयर लाल किशोर साहले सञ्चारकर्मीहरुलाई सँछिप्त प्रतिक्रिया दिदै भने-'तपाईहरु यहाँ आएर हामीहरुको कामगर्ने इच्छाशक्ति बढाउनु भएकोमा धन्यवाद दिन चाहन्छु ।' उनले विपत्को वेला स्वास्थ्यकर्मी, सफाई कर्मचारी र सञ्चारकर्मीको भूमिका अत्यन्तै महत्वपूर्ण रहने भएकाले म सवैमा अभार व्यक्त गर्न चाहेको भने । उनले विपत्को वेला सवैले सवैलाई सहयोग गर्नुपर्ने आवश्यक्ता रहेको मलाई र सम्पूर्ण जनकपुरधाम उप-महानगरपालिकालाई रहेको वताए ।

# बरियारपट्टी गापामा राहत वितरण



**मुकेश कुमार यादव**

लहान । सिरहाको बरीयारपट्टी गाउँपालिकाको वडा नम्बर ३ र ४ मा सोमबार राहत वितरण गरिएको छ ।

विश्वमा कोरोना भाइरसको महामारी फैलिएको बेला बिपन्न बर्गहरुका लागी राहत वितरण कार्य सुरु भएको छ । पहिलो चरणमा सोमबार गाउँपालिकाको वडा नं. ३ र ४ मा राहत बितरण भएको बरियारपट्टी गाउँपालिकाका अध्यक्ष संतोष कुमार महतोले जानकारी दिए ।

चामल २५ किलो , दाल ३ किलो , नुन २ पाकेट , चिनी २ किलो , खाने तेल २ लिटर , कपडा धुने साबुन २ पिस, नुहाउने साबुन २ पिस वितरण गरिएको छ ।

प्रति घरपरिवार २ जना रहेको दुईटै वडाका ८४ घरधुरीहरुमा चामल १५ किलो , दाल २ किलो , नुन १ पाकेट , तेल १ पाकेट , चिनी १ किलो , कपडा १ पिस , नुहाउने साबुन १ पिस बितरण गरेको प्रमुख प्रसाशकिय अधिकृत अशोक कुमार सिंहले बताए ।

नेपाल र सशस्त्र प्रहरी, स्वयम् सेवक, कर्मचारी लगायतको सक्रियतामा समाजिक दूरी कायम गरेर राहत स्वरुप खाद्यान्न समाग्री वितरण गरिएको थियो ।

राहत बितरण गर्दै गाउँपालिका अध्यक्ष महतेले सरकारले २०७६ चैत १९ गते जारी गरेको निर्देशिका अनुसार नै गाउँपालिकामा राहत बितरण गरीएको हो । उनले प्रदेश सरकारबाट १० लाख र गाउँपालिकाबाट १ करोड ५० लाख रुपैयाँ राहत सामग्री खरिद गर्नको लागि छुट्टयाईएको बताए ।

वडा नम्बर २ का तथ्यांक अहिले सम्म नआएको र अन्य वडाको मंगलबार राहत वितरण हुने अध्यक्ष महतोले जानकारी दिए ।

# महगोमा उपभोग समाग्री बिक्रि, उपभोक्ता मारमा

**टुडे समाचारदाता**

राजविराज । विश्व व्यापी रुपमा फैलिदै गएको कोरोना भाइरस (कोभिड-१९) को संक्रमणबाट बच्न तथा नियन्त्रणका लागि

> **सप्तरीको कुशहा, कदमाहा तथा बसानपट्टि चोकका व्यापारीहरुले उपभोग सामग्रीकोको आफु खुशि मूल्य निर्धारण गरी उपभोग्य समाग्री बिक्रि गरिरहेका छन् ।**

नेपाल सरकारले गरेको लामो समयको लकडाउनको फाइदा उठाउँदे यहाँका विक्रेताहरुले उपभोग समाग्रीको आफु खुशि मूल्य निर्धारण गरि बिक्रि गर्दै आएको पाइएको छ ।

सप्तरीको कुशहा, कदमाहा तथा बसानपट्टि चोकका व्यापारीहरुले उपभोग सामग्रीकोको आफु खुशि मूल्य निर्धारण गरी उपभोग्य समाग्री बिक्रि गरिरहेका छन् ।

व्यपारीहरुले आफू खुशि मूल्य निर्धारण गर्दा उपभोक्ताहरु मारमा परेका छन् । व्यापारीहरुको आफू खुशि मूल्य निर्धारणले उपभोग्य सामग्री तथा तरकारी किनेर खान नसक्ने अवस्थामा पुगेको उपभोक्ता मञ्चका रामान्द गुप्ताले गुनासो पोखे ।

कृषि उपज तथा उपभोग्य सामग्री बजारमा लकडाउनको पूर्व मूल्य भन्दा अहिलेको मूल्य अत्यधिक हुंदासम्म प्रशासन मौन छ । बजारमा नियमित नियमन तथा अनुगमन नहुंदा पसलेहरुले आफु खुशि मूल्य निर्धारण गर्ने गरेको उनले बताए ।

जिल्लाको अधिकांश पसलहरुमा मुल्य सुचि राख्ने गरेको छैन । स्पष्ट देखिने गरी मुल्य सुचि अनिवार्य राख्नु पर्ने कानुनी व्यवस्था भएपनि सप्तरीको कुशहा, कदमाहा, कल्याणपुर तथा सिरहाको प्रमुख बजारहरु लहान, गोलबजार, मिर्चैया, लगायतका ठाउँहरुमा सञ्चालनमा रहेका अधिकांश किराना पसलहरुमा मुल्यसुचि राखेको पाइदैन ।

नेपाल ट्रेड युनियन महासंघ (जिफन्ट) का केन्द्रिय सदस्य तथा नेपाल बिजुली, पेन्टर, प्लम्बर, तथा निमार्ण युनियन महासंघ ( क्युपेक नेपाल ) का प्रदेश- २ का इन्चार्ज रामकृष्ण चौधरीले अहिलेको कठिन परस्थीतिमा व्यापारी र उपभोक्ता दुवैलाई क्षति हुन नदिने गरी उपभोग्य सामग्री बिक्रि गर्न उनले आग्रह गरे ।

**नोबेल कोरोना भाइरस (COVID-19) सामान्य रुघाखोकी भन्दा जटिल संक्रमण हो, हालसम्म यसको उपचारको लागि औषधी पत्ता नलागेकोले यसबाट सतर्क हुनु नै उत्तम उपाय हो ।**

**यसबाट बच्ने उत्तम उपायहरु :**

- कुनै व्यक्ति, वस्तु वा सामान छुनु पहिले र पछि साबुन पानीले राम्रोसंग हात धुने,
- अनावश्यकरुपमाा घर बाहिर र भिडभाडमाा नजाने,
- खोक्दा र हछ्युँ गर्दा नाक र मुख कुहिनोले छाप्ने,
- कुनै पनि व्यक्तिसँग तीन फिटको दुरी कायम गर्ने,
- जंगली तथा घरपालुवा पशुपन्छीसंगको असुरक्षित सम्पर्कबाट टाढा बस्ने,
- सकेसम्म पशुजन्य मासु नखाने,
- ज्वरो, रुघा र खोकी तथा स्वासप्रस्वासमा समस्या आएमा चिकित्सकसँग परामर्श लिने,
- कसैले गलत सूचना प्रवाह गरेको तथा अत्यावश्कीय वस्तु जम्माखोरी, कालोबजारी तथा लुकाइराखेको थाहा भएमा ११३७ मा सम्पर्क गरी जानकारी गराउने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

## जनकपुर टुडे मिडिया ग्रुपको अपिल

- नियमति रुपमा साबुन पानी तथा अल्कोहलयुक्त हेण्ड रबले हात धुने र सेनिटाइजर प्रयोग गर्ने ।
- खोक्दा, हाँचिउँ गर्दा नाक र मुख हात, रुमाल अथवा हातको कुहिनाको भागले छोप्ने ।
- रुगाखोकी, ज्वरो तथा स्वास-प्रस्वासमा समस्या आए नजिकको स्वास्थ्य संस्थामा गएर चिकित्सक संग जाँच गराउने ।
- अनावश्यक रुपमा आफ्नो नाक, मुख र आँखा नछुने, छुनु परे राम्ररी हात धोएर मात्र छुने । मोबाईल फोन लगायत धेरै प्रयोग गर्ने वस्तु सफा राख्ने ।
- रुगाखोकी लागेको व्यक्तिसंग दुरी कायम राख्ने, कुरा गर्नु परे १ मिटर टाढा बसेर गर्ने । अनावश्यक भिडभाडमा नजाने ।
- माछा, मासु र अण्डा राम्ररी पकाएर खाने । जङ्गली तथा घरेलु पशुपंछीसँगको असुरक्षित सम्पर्कबाट जोगिने ।

जनहितमा जारी संदेश

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९०१०१, E-mail : jtodaynews@gmail.com,todayad@gmail.com, Website : www.ejanakpurtoday.com